The text formed two lines of uncertain length; only the initial portion remains measuring 0m, 26. The characters vary considerably in dimension from one line to another; those of the first line are small and closely written; 0m, 010 height, 0m, 007 of space between; those of the second are large and well apart; 0m, 014 in the height, 0m, 020 of spacc between. The difference strikes forcibly but the state of the text does not allow one to determine if this intentional and pre-arranged to draw the attention on the most important part of the inscription or if the engraver simply attempted to cover up all the blank space with an insufficient number of letters.

The date is missing but the writing shows with a fair amount of precision the epoch. The dha (twice in line 1) is clearly rounded as in the pracasti of Samudra gupta; beginning from the Vth century the right side tends to straighten up in the fashion of a stem, in the style of a 'd' turned over. The ya on the other hand (line 1) has a slow from that is only manifested beginning from the end of the Vth century (inscrips. of Mahanaman, then to Lakkhamandal and to Aphsad, key, Buhler, Paleogr, t.IV). The form of the 'sa' is the one that appears in the inscriptions of the Maukharis in the VIth century and which invariably figures with Amcuvarman. In short the consonant is not redoubled after 'r' contrarily to the old fashion. The change appears to date from the period of Amcuvarman. The inscription then appears to rank in the first half of the VIIth Century.

Its object is a donation, instituted undoubtedly by an official appointed to look after the Buddhist monuments in favour of the religious men of the (Maha) samghika school. No document mentions as yet the existence of a Mahasmghika community in Nepal. Scattered testimonies however show

the adepts of that School in very varied regions in India. Two of karles inscriptions (Senart, Ep. Ind., VII, p. 64, No, 19, 1, 2 and p. 71 No. 1, 3), towards the approach of the 1st and 2nd centuries A.D. commemorate pious deeds in favour of the "body of the Mahasamghikas" (pavajitana bhikhuna nikayasa Mahasghiyana) in the mountain behind Bombay. The inscription N. of the pillar of the lion of Mathura (J.R.A.S. 1894, 525-540) celebrates the bhiksu Budhila of the sarvastwadin school which brought to light the Prajna of the Mahasamghikas. I have already proposed (J. As. 1896, 2, p. 450 n) to recognize in this personage the Fo-ti-lo designated by Hinen-tsang as a master of the castras who composed an especial treatise (Tei tchen loen) for the use of the school of the Mahasamghikas and who dwelt in a convent in Kashmir where his memory was still perpetuated at the time of the Chinese traveller (Mem. 1.186). It is in Patna that Fa-hien procures himself the Vinaya of the Mahasamghikas. The preservation of the Mahavastu in the Nepalese collection seems to bring another proof of the existence of the Mahasmaghikas in Nepal, because the work presents itself and rightly as a 'portion of the Vinayapitaka of the recension of the branch of the Mahasamghikas surnamed the lokottaravadins of the Madhyadeva" (1, 2, 13) Hinen-tsang only mentions a convent of that branch outside India proper in the country of Bamyan (Mem., 1,37).

Text

1. deyadharmo yam cridharmarajikamatyasu
2. samghikabhiksusamghasya .....

Translation

This is the pious donation... minister of religious establishments..... the community of mendicants (Maha) samghikas..

Footnote to page 112, 'Nepal' Vol. III by S. Levi.

1. Deyadharma. Expression consecrated to Buddhistic donations. Key, Burnouf. Introd., p. 42. note; Fleet, Gupta Inscrip, p. 25, n. 5. The Brahmanic donations reverse the order of the terms and imply 'dharmadeya' or 'dharmadaya' (sthitya). The one and the other expression undoubtedly imply the idea of a disinterested donation with the object of only obeying the law. For 'dharmadeya' 'daya' 'key' my 'Religious Donations" ..... of Valabhi, p. 87.

'Dharmarjikamatya' I do not know of any other example of this title 'Amatya' which literally signifies the high officials among whom the king chooses his councellors (mantrin) key the substantial article of the dictionary of Goldstucker, s.v. Amatya .. "Dharmarajika" with a long vowel at the first syllable is a new form. The term 'dharmarajaka" is applied prominently to the 84,000 pious establishments of king Asoka. One is surprised to find again in the index of the Divyavadana ed, Cowell-Neil, the translation: edict royal on the law adopted at one time by Burnouf and rightly criticised by st. Julien Hion en Thasang. Mem. 1, 417u). The orthography employed in our inscription appears to show that 'dharmarajika' is a derivation of 'dharmaraja the 'king of the law' namely the Buddha. The word would be properly an adjective signifying relative to the king of the law. key, 'Mhbh" VII, 71,1: "akhyanam..... sodacarjikam" the history relative to the sixteen kings".

2. The form samghika does not leave room to any restitution other than (maha) samghika.

XVIII. Inscription of the Chassal-Tol in Patan

This stela very mutilated stands in an old bathing pond of the Chassal Tol, near an insignificant stupa attributed to Asoka (see. 346). The inscription covers a height of about 0m, 45. The width of it is 0m, 55. The average height of the characters is about 0m, 01; the space between the lines is 0m, 015. The orthography is in accordance with the practice introduced by Amcuvarman; the silent after 'r' is not redoubled. The character is obviously the same as in the inscriptions dated in the year 143 (Bh. 13) and 145 (Bh. 14). The inscription at least in that which exist is in prose; it introduces neither any traditional verse nor any original stanza of appeal to the future. It is a charter of donation; the initial protocol has disappeared with the name of the king. The last 19 lines, alone preserved, contain a minute description of the limits of the donation (1-13) then the usual recommendations (13–18), lastly the mention of the personal order, the name of the royal delegate and the date (18–19)

The fixing of limits goes from North to South, from East to West and goes back to the North, It attests as do the other documents of the same epoch, the flourishing civilization of the country and the enormous development of ecclesiastical estates. All the lands mentioned gardens (vatika) or fields (ksetra) belong to religious brotherhood pancalix and gosthi.

We do not know what distinguished one from the other. The term of pancali is not found again to my knowledge, outside Nepalese epigraphy. Already Bhagvanlal (note 26 on his introduction 8) has compared the word of the southern Pancakuleka with that of the modern Panch; he has also shown that the properties of the temples are still at present administered in Nepal by committees named gutthi (gosthi). The village of Loprim has a pancali and a gosthi the pancali possesses a garden (9) in the neighbourhood of Dolacikhara, namely of Changu Narayan (key. stela of Harigaon year 32, i.7) and to the North–West of this land at a short distance a field (10). The gosthi of Loprim that appears to bear the name of Indragosthi has a field (12) a little further to the North. The limit of the land conceded by the inscription of the year 143 (Bhag. 13) falls in with also the properties of the gosthi of Loprim (lopringramagau–sthikaksetram, i. 19 and Lopri... taksetram, 1.24). The little we know of the gosthi by other documents scarcely allow us to recognize that which distinguishes them from the pancalis. The inscriptions of Pehoa, of the year 882 J. C. that institutes a religious establishment, entrusts the management of it gosthikas on whom devolves the care of collecting funds and distributing them (Buhler E. Ind., 1, 186); another inscription dated in the reign of Bhojadeva of Kanauj as that of Pehoa and anterior by twenty years (862 J. C.) mentions a gosthika (Deogadh Pillar; kiselhorn, Ep. Ind., IV, 309). Likewise a Calukya chart of 1207 J. C. (Hultzch, Ind. Ant. XI. 338). It is without interest to note that the gosthi of the temple of Narayana (1-11) bears a number of classification... the tenth gosthi (dacamigosthi). The inscription of Nangsal that also mentions several endowments of gosthi in a very mutilated passage has at least preserved the name of 'the seventh gosthi'' (saptamigosthibhumer, 1.48). The case of "the gosthi of the temple of Narayana (Narayanadevakuladacamigosthi, 1,11) of the

gosthi of Indra (Loprimgramendragosthi, 1.12) perhaps also of the Camkaragosthi (Nangsal, 48) gives room to suppose that the gosthis were rather of Brahmanic religion and the panacalis of Buddhistic religion: but the hypothesis is still very hazardous.

I take up again the mention of the Punka pancali (1.10) of the vihara of Puspavatika (13) of the Maniyaksetra which is undoubtedly a property of Mandeva (12). Lastly I mention the 'bridge of stone' (Cila-samkrana, 1.8).

The date of the inscription clearly legible in the last line is the fifth of the fortnight of Jyestha in the year 137. The dutaka entrusted with the oder is bhattaraka cri vijayadeva. A personage of the same name figures as dutaka in a very mutilated chart (Bhag. 14) dated in the year 145; but he receives in it the title of yuvaraja cri Vijayadeva heir apparent'. A chart anterior by two years, (Bhag. 13), has for dutaka the bhattaraka cri Civadeva. Bhagvanlal observes in this connection that the epithet of bhattaraka is only given to a king or a high priest; "there is no instance", he adds, "in which a priest carries out the work of a dutaka, whereas in several circumstances the king is his own dutaka. The alternation of bhattaraka and yuvaraja applies successively to the same personage with a distance of eight years, nullifies successively; in 119, dutaka the rajaputra jayadeva; in 137 the bhattaraka cri Vijayadeva; in 143 (doubtful tens) the Yuvaraja Cri Vijayadeva lastly in 153 the reigning king is Jayadeva. Another indication seems to betray a political change in the same period. The inscription of 143 and that of ..... deva are dated from the Kailasakuta, like the authentic inscription of Civadeva in 119, but from a new palace, the Bhadradhi-vasabhavana, and the king of this palace takes again the ancient title of Licchavikula-ketu abandoned since the accession of Amcuvarman and jayadeva in the inscription of Pacupati claims himself well as an authentic offspring of the Licchavis by climbing over Amcuvarman whom he omits. It is a reaction or a revolution. Precisely in analogous political circumstances after the name of Amcuvarman the inscriptions of Jisnuguta show the same irresolution in the titulary passing from bhattaraka maharaja-cri to bhattaraka-raja-cri and to bhattaraka-cri to designate side by side with the usurper, the legitimate heir to the throne (see Inscr. of Thankot sup. p. 104)

Text

1..... daksinema..... rtavatika pa.....

2 .. ..

(etc, see pages 116 and 117, Nepal Vol III by S. Levi)

Translation

(of above text)

1. ... to the south ... the garden ... (3) ..... to the South ... the garden (4) as far as . the west ... of Mana ... (5) in skirting ... in the west ... a little to south to the west of Cankara ... (6) to the west ..., by going from there to the north ... the circle of houses (7) .. and by going to North the great ...; by going the West by the West by the West of the Bridge Stone ..., at the pancali of Reta (8-12) and by going to the north-east by going to the North-West of the garden of the pancali of Loprim... of the Dolacikhara, by going to the North East by going to the North West of the field of the Panacali of Punka by going to the North-West of the field of pancali of Loprim by going to the north of the field of the Xth

gosthi of the temple of Narayana by going to the north of the field of gosthi of Indra of the village of Loprim by going to the North of field of Mana thence as far as such is the settling of boundaries of the convent of Puspavatika.

(12–18)... to the West to the North ... the palaces the circles... limit of stronghold has been conceded by us. And nobody whether he be in a position to opposition to oppose my gracious will or anybody else must infringe this wording of my will. And whosoever in disdain of my order, would act in person or with an intermediary, I shall not... And the monarchs to come, remembering the gracious concessions of previous sovereigns ..... must absolutely not tolerate it.

(18–19) Direct order... The royal mandatory is here bhattaraka- cri-Vijayadeva. Year 137, Jyestha, clear fortnight fifth tithi.

Footnote to page 117, 'Nepal' Vol. III by S. Levi.

L 16. The singular kurvita has been introduced here by error or oversight. The ordinary wording is: kuryuh karayeyr va for example, Bhag. 12, 1.17; 14, 1.13. One also finds the singular kuryat karayed va for example, Bhag. 13.1.32; but the average optative is a rarity.

कालरात्रि पूजा र भक्तपुरको कोलुकयात जात्रा

–लीलाभक्त मुनंकर्मी

हिन्दू धर्मको दर्शनशास्त्र बमोजिम मल्लकालीन समयदेखि अद्यावधिसम्म विस्तृत रूपमा वृद्धि भै संचालन भैरहेका पूज्य देवीदेवताहरूको तान्त्रिक पूजाहरूमा बडादशैंमा हुने कालरात्रि पूजा नेपाल अधिराज्यमा सबैभन्दा ठूलो र शक्तिशाली पूजा मान्दछन् । तान्त्रिक विधिविधानबाट चलाउने मोहरात्रि, शुखरात्रि, शिवरात्रि र कालरात्रि आदि रातको बीचमा हुने पूजाहरूमा कालरात्रि पूजा नै सबैभन्दा उत्तम र फलदायी मान्दछन् ।[1] बडादशैंमा हुने अष्टमी र नवमीको बीच रातको विषुव योगमा हुने भक्तपुर मूलचोकमा हुने कालरात्रि पूजा विशेष महत्त्वको मानिन्छ । यो कालरात्रि पूजामा काठमाडौं तलेजुमा ५४ रांगाहरू र ५४ बोकाहरूको बलि चढाउने कार्य हुन्छ । शाकाहारीहरूले यसको प्रतिस्वरूप नवमीका दिनमा कुभिण्डो, घिरौला र मूला आदि फललाई पशुको प्रतीक मानेर बलि दिने गर्दछन् । पाटनमा पनि कालरात्रि पूजामा धेरै पशुहरूको बलि चढाउने कार्य हुन्छन् । पाटनमा नवमीका दिनमा लगनखेल स्थित श्रीमाई (महालक्ष्मी) को मन्दिरबाट खड्ग जात्रा चलाई मूलचोकमा ल्याउने परम्परा चलाउने राजा श्रीनिवासमल्ललाई श्रेय दिएका छन् । भक्तपुरमा कालरात्रि पूजामा २५ रांगाहरू र धेरै बोकाहरूको बलि चढाउने कार्य गर्दछन् । गोरखामा आराध्यदेवी कालिकाको मन्दिरमा रहेका बाँस र ध्वजा फेरी श्रीकाली पोशाक फेराई कालरात्रि पूजा गर्ने गर्दछन् ।[2] त्यहाँ मध्यरातको पूजामा ३३ वटा रांगाहरूको बलि चढाई पूजा गर्ने गर्दछन् । अन्त्यमा होम र कुमारी पूजा गराई पूजा बिसर्जन गराउने गर्दछन् । त्यहाँ पन्चमीका दिनमा त ७ वटा रांगाहरू र सुंगुरलाई बलि चढाउने गर्दछन् । नारायणी अञ्चलको वीरगंजको माइस्थान भगवती देवी कहाँ अष्टमीको दिनमा हजारौं हजार बोका, रांगा र कुखुराहरू तथा हाँसहरूको बलि चढाई मेला लाग्ने गर्दछन् । अन्त्यमा त्यहाँ मुसा र सुंगुरलाई बलि चढाई हिंसा कर्म रोक्ने पूजा गर्दछन् । धनुषा जिल्लाको जनकपुरमा त कालरात्रि पूजाको अवसरमा राजदेवी मन्दिरमा हजारौं बोकाको बलि चढाउने कार्य संचालन हुन्छ । उक्त राजदेवीलाई राजा जनकले कूलदेवता गराई मानिआएकोले राम मन्दिरको हाताभित्र रहेका देवीलाई कालरात्रिको समयमा अथवा बडादशैंको पर्वमा जमरा हालेदेखि त्यहाँ मेला लाग्ने गर्दछन् । त्यहाँ राजदेवीको मन्दिरमा गिरिधारी कुटीबाट फूलपाती ल्याई भित्र्याउने गर्दछन् । त्यस्तै नेपाल अधिराज्यमा जहाँ जहाँ श्रीतलेजु हुन्छन् त्यहाँ--त्यहाँ कालरात्रि पूजा

---

१) धनशम्शेर ज. ब. राणा– मन्त्रविद्या रहस्यमय पृष्ठ, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३४ ।

२) समाचार– गोरखापत्र, अङ्क १६७, २०४५ साल असोज ४ गते ।

गराई धेरै पशुहरूको बलि चढाउने गर्दछन् । बडादशैंको अवसरमा हुने कालरात्रि पूजालाई सबै हिन्दूहरूले लोकप्रिय पूजा र फलदायी पूजा सम्झेर आ–आफ्नो श्रद्धाभक्ति अर्पण गर्ने गर्दछन् ।

जात्रा

भक्तपुर तलेजुमा हुने कालरात्रि पूजाको लागि निकूथु नामकरण भएको रांगालाई जात्रा गरेर भोगबलि चढाउने कार्य हुन्छ ।[3] उपत्यकामा बडादशैं पर्वको लागि पहाड पर्वत तथा अन्यत्र स्थानहरूबाट बिक्री गर्न ल्याउने रांगाहरूको बथानमा सबैभन्दा चोखो र उत्तम अथवा बत्तीस लक्षणले युक्त भएको शुद्ध खोजेर पत्ता लगाई शुद्ध लक्षणयुक्त रांगोलाई त्यहाँ नै नुहाउन लगाई शुद्ध पारी पूजा गराई मे गः (रांगो राख्ने ठाउँ) मा (हाल वडा नं. १० को ब्यासी टोलमा) राख्न लैजाने गर्दछन् । सो रांगो श्रीदुर्गा भवानीले म्हैखासुर दैत्यको रूपमा भोगबलि ग्रहण गर्ने पशु हुन् भनी सबैले मानी आइरहेका छन् । यो रांगोको पालन पोषण गर्ने र कालरात्रिको समयसम्म खुवाउन र रेखदेख गर्ने व्यवस्था मल्लकालमा राजा विश्वमल्लको पालामा नै भएको भन्ने अध्ययनबाट अवगत हुन्छ । उक्त रांगोलाई पालन पोषण र स्थानको लागि असंख्य जग्गा जमीनका कीर्तिहरू राखेर गुठीको व्यवस्था गराइराखेकोले सो रांगो राख्ने ठाउँलाई मे गः भन्ने चलन भएको हो । उक्त निकूथु नामकरणको रांगोलाई अष्टमी र नवमीको बीच रातमा कालरात्रि पूजामा बलि नचढाएसम्म रांगो राख्ने स्थानका छरछिमेकीहरूका घरका नाइकेहरूले अष्टमीको दिनमा निराहार बसेर रांगालाई देवताकहाँ बलि चढाएपछि देवताको प्रसाद (फूल) ग्रहण गरेपछि मात्र भोजन गर्ने टोलवासीहरूको भनाइ छ ।

कालरात्रि पूजा संचालन गराउन त्यहाँ मे गः भन्ने स्थानमा अष्टमीको दिनमा राजदरबारबाट राजोचित तरीकाले उत्सव गराई बाजागाजा सहित चिराख वत्ती (मसाल) ले सुशोभित गराई पूजारीहरू समेत भेला भै सो निकूथु नामकरण भएका रांगोलाई विधिविधानले पूजा गरेर सो रांगोलाई जात्रा चलाई मूलचोकमा ल्याउने व्यवस्थाको आयोजना गराइराखेको हुन्छ । जात्रा गरेर ल्याउने निकूथु नामकरण भएका रांगोलाई मल्लकालमा राजा आफै राजदरबारको मूलचोक अगाडि ढोकामा गई वा आफ्नो प्रतिनिधि पठाई स्वागत गर्ने परम्परा चलाएका थिए । जात्रा चलाई ल्याउने निकूथु नामकरणका रांगोलाई मूलचोक भित्रिएपछि अरू २४ वटा रांगाहरूमा किगथु, तमारीथु, व्यासीथु, थुगुचोथु, जेलाथु र लैंसाथु आदि नामकरण गराई र अरू १२ वटा रांगाहरू गरी जम्मा २४ वटा रांगाहरू सबैलाई बलि चढाउने कसाईं नाइकेले ठीक भयो भएन जाँची सबै रांगाहरू चोखा छन् भनी धर्म भाकेर सबै रांगालाई मूलचोक भित्र्याई त्यहाँ चोकमा गाडिराखेका काठका मुंग्राहरू (किल्ला) मा बाँध्न लैजाने कार्य गर्ने गर्दछन् । यसै वेला कालरात्रि पूजामा बलि चढाउने कसाईंले सबै रांगाहरू चोखा छन् । यदि अशुद्ध भै बेचोखा ठहरिए म ७ पुस्तासम्म नरकको बास हुन पाओस्, राजाको जय होस् र पापकर्म सबै ममाथि थुपारियोस् भनेर धर्म भाक्ने कार्यक्रम बिसर्जन भएपछि मूलचोकमा तलेजु मन्दिरको मूल ढोका दायाँ बायाँ हातमा कलश लिई उभेर खडा भैरहेको देवता स्वरूप भएका व्यक्तिमाथि कालरात्रि पूजा संचालन भै भोगवलि चढाउने गर्दछन् ।

मूलचोक मेला

प्रत्येक वर्षको आश्विन शुदि ८ रोज र ९ रोजको रातका बीचमा सबै रांगाहरू मूलचोकको काठको मुंग्राहरूमा बाँधिसकेपछि तलेजु मन्दिरको ढोकाको दायाँ बायाँ देवता प्रतिरूप हातमा कलश लिई उभिएर खडा भै बसेका व्यक्तिहरूमाथि तान्त्रिक विधिविधान अनुसार कालरात्रि पूजा शुभारम्भ गराई भोगबलिको कार्य शुरू गर्दछन् । त्यसवेला मूलचोकमा चारैतर्फ बत्ती बालेर देवबाजागाजा सहित भजनकीर्तनले गुञ्जायमान भई असंख्य दर्शकहरूको भीडले त्यहाँ ठूलो मेला लाग्दछ । दोपाया चौपाया पशुहरूको बलिले त्यहाँ रगतको खोलो बगेको हुन्छ । मूलचोकमा बडादशैं पर्वको

३) लीलाभक्त मुनंकर्मी– मल्लकालीन नेपाल, रत्न पुस्तक भण्डार, २०२५ ।

समयमा ३ पटकसम्म मेला लाग्छ । श्रीतलेजु भवानीको मूर्ति मूलमन्दिरबाट कुमारीचोक भित्याउने र कुमारी-चोकबाट मूलमन्दिर भित्याउने वेलामा पनि दर्शकहरूको घुइँचो लागी मेला हुन्छ । कालरात्रि पूजा बिसर्जन भइसकेपछि त्यहाँ बलि चढाएका रांगाका टाउकाहरूको प्रदर्शन गर्ने गर्दछन् ।

कालरात्रि पूजाको गुठी व्यवस्था

तलेजु मन्दिरको ढोका दायाँ बायाँ देवता प्रतिरूप खडा हुने व्यक्तिको लागि छुट्टाछुट्टै गुठीको व्यवस्था गरिराखेको हुन्थ्यो, जसलाई मूल गुठी र चौगुठी नामले सम्बोधन गर्ने गर्दथ्यो । कालरात्रि पूजामा देवता स्वरूप हुने व्यक्तिले एक महीना अगाडिदेखि नै कसैको हातबाट पकाएका वस्तु र पेय पदार्थहरू भोजन गर्ने र सेवन गर्न नहुने नियममा बसी शुद्ध भई बस्नुपर्ने छ । घटस्थापनादेखि कालरात्रि पूजा बिसर्जन नभएसम्म देवता प्रतिस्वरूप हुने व्यक्तिले कसैलाई नछोई श्रीतलेजु भवानी कहाँ दिनदिनै पूजा चढाउन आउने र कसै व्यक्तिलाई आफ्नो शरीर छुन दिन नहुने नियममा बसेका हुन्छन् ।[4] कालरात्रि पूजा ग्रहण गर्ने व्यक्ति र गुठीयारहरू कालरात्रि पूजाको उपलक्ष्यमा देवता प्रतिरूप हुन ठूलो गौरवान्वित सम्झन्छन् । आज भोलि देवता ग्रहण गर्ने गुठीका व्यक्तिहरूले जातको रूपमा ग्रहण गरिसकेका छन् ।

कालरात्रि पूजा बिसर्जन भइसकेपछि तलेजु स्थानका पूजा राख्ने नकीहरूले दश महाविद्याका देवी देवताहरू कहाँ पूजा गर्न जानका लागि सिंगार गर्न भनी तेल माग्न आउने कार्यक्रम शुभारम्भ गर्ने गर्दछन् । आफ्ना शरीर राम्रो पारी सिंगार गराइसकेपछि देवी देवताहरूकहाँ पूजा गर्न जाने गर्दछन् । हिजोआज ती पूजा गर्न जानेलाई देवाली पूजा गर्न जाने भन्दछन् ।[5] आजभोलि ती देवाली पूजा गर्न जाने देवताहरूका स्थानहरू निम्न प्रकार छन्–

१) श्री दूइमाजु देवी– दूइमाजुचोक तलेजु स्थान, २) श्री नृत्यनाथलक्ष्मी विलास चोक– जिल्ला अदालत संगैको बगैचा, ३) श्रीमानेश्वरी र श्रीदुर्गा देवी– लक्ष्मी विलास चोक, जिल्ला अदालतसंगै बगैंचा, ४) श्रीसिद्धिलक्ष्मी देवी– दरबार स्क्वायर ५५ झ्यालको कुनाको मन्दिर, ५) श्री वत्सला मन्दिर-- ढुंगा मन्दिर दरबार स्क्वायर, ६) श्रीवत्सला मन्दिर– वहताल पशुपति मन्दिर दक्षिण, ७) श्रीभगवती मन्दिर-- क्वाछें भवध्वाका, ८) श्रीसिद्धिलक्ष्मी देवी-- ५ तल्ले मन्दिर टौमढी, ९) श्रीनृत्यनाथ मन्दिर-- नासमना, र १०) श्री अष्टमातृका गण देवी– तौलाछें नारायणचोक ।

कोलुकयात जात्रा

तलेजुका श्रीदूइमाजु देवीकहाँ देवाली पूजा बिसर्जन भैसकेपछि कालरात्रि पूजामा बलि चढाएको रगत जम्मा गरेको घैंटोलाई बलि चढाउने कसाईंहरूले नायखीं बाजा (मादल) र अरू देवबाजाहरू बजाई पूजा गर्ने गर्दथ्यो । त्यसपछि राजाले कालरात्रि पूजामा बलि चढाउने कसाईंहरूलाई बिदावारीको लागि बक्सिसको रूपमा केही भेटी दिने गर्दछन्, जसलाई आजभोलि नेवारी भाषामा 'वय' दिने भन्ने गर्दछ । राजासंग बिदावारी लिई कालरात्रि पूजामा बलि चढाउने कसाईंहरूले पूजा गरेका आफ्नो घैंटोलाई बोकाई जात्रा चलाई आ–आफ्नो घरमा जाने कार्यक्रम शुरू गर्दछन् । त्यसवेला बाटोमा आउने जाने व्यक्तिहरूलाई कालरात्रि पूजा बिसर्जन भएको देवताको प्रसादको रूपमा रगतले मुछिएको फूल (प्रसाद) वितरण गर्दै नायखीं बाजा (मादल) बजाई जाने गर्दछन् । यसैलाई नै कोलुकयात जात्रा भनिन्छ । यो कोलुकयात जात्रा विषय ऐतिहासिक घटनावलीमा पनि उल्लेख गराइराखेको पाउँछौं । यो कसाईं जात्रालाई कोलुकयात जात्रा भनी प्राणमल्ल राज्यकालमा उल्लेख गराइराखेको थियो । तर चुन्दादेवी बज्राचार्यले आफ्नो पुस्तकको लेखाइमा यो कोलुकयात जात्रालाई बडादशैंमा हुने जात्रा र बिस्केट जात्रामा हुने दूइमाजु देवीको जात्रालाई एकै सूत्रमा

४) गुठी लगत कार्यालय– भद्रकाली काठमाडौं (गुठी संस्थान) ।

५) गुठी खर्च कार्यालय– भक्तपुर दरबार स्क्वायर (गुठी संस्थान) ।

राखेर आजसम्म तलेजुचोकमा बडादशैंको वेलामा दूइमाजु देवीलाई सानो खटमा राखेर कोलुकयात जात्रा हुन्छ भनी लेख्नु भएको छ।[6] तर आजभोलि बडादशैंमा श्री दूइमाजु देवीको जात्रा हुँदैन । श्रीदूइमाजु देवीको जात्रा विस्केटमा लिंग जात्रा बिसर्जन भएपछि श्री दूइमाजु देवीको मूर्तिलाई खटमा राखेर जात्रा चलाई दूइमाजु देवीको द्योंगछें लैजाने जात्रालाई दूइमाजु जात्रा नै भन्ने चलन छ। कोलुकयात जात्रा बडादशैंमा हुने कसाईं जात्रालाई भन्ने चलन छ। तसर्थ निजको लेखाई द्विविधास्पद भएको छ।

कसाईंहरू कोलुकयात (कसाईं जात्रा) चलाई आ–आफ्नो घर पुगेपछि आफन्तहरूलाई बडादशैंको उपलक्ष्यमा कालरात्रि पूजा बिसर्जन गराएको प्रसाद ग्रहण गराउन निमन्त्रणा दिई भोजको आयोजना गर्ने गर्दछन्।

पूजाविधि

नेपाल उपत्यका तान्त्रिकहरूको केन्द्रस्थल भएको हो भन्ने कुरा पौराणिक गाथा, तन्त्रशास्त्र र कालोत्तर आदि दर्शनहरूको अध्ययन र मनन गरेको खण्डमा अवगत हुन आउँछ। तसर्थ यहाँ नेपाल उपत्यकाका पूजाआजा धेरै जसो तान्त्रिक पद्धतिबाट नै विधिविधान-हरूले संचालन गर्ने गर्दछन्। चाहे दशैं पर्व होस्, चाहे देवदेवताहरूको अरू पूजाहरू होस्– प्रत्येक वर्ष संचालन हुने कालरात्रि पूजा र बडादशैंमा हुने पर्व पूजा आदि नेपाल अधिराज्यभर तान्त्रिक पद्धतिबाट नै गर्ने गर्दछन्। यस विषयमा शिव पार्वती भन्ने सम्वाद ग्रन्थ र स्वर्गीय धनशम्शेर ज. ब. रा. द्वारा लिखित "शारदीय दुर्गापूजा पद्धति" नामक ग्रन्थमा पनि उल्लेख गरिएको छ।[7]

भक्तपुर तलेजुमा हुने बडादशैं पर्वमा कुमारीचोकमा कालरात्रि पूजामा रोटीको मन्दिर बनाई श्री भवानीलाई चढाउने गर्दछन्।[8] उक्त मन्दिरका मुठल, छाना र गजूर आदि सबै तलेजुका रोटी पकाउने मठिकर्मीले आश्विन शुदि ८ रोजका दिनमा (रोटी पकाउने मठिकर्मीले) पुरानो परम्पराको रहनसहन र संस्कृति बमोजिम जामा पकडी पोशाक लगाई रोटी सबै शुद्ध पारेर तयार गरी देवतालाई चढाएको छु, अशुद्धका वस्तुहरू प्रयोग गरिएको छैन, यदि कुनै किसिमले कुनियत चिताई रोटीहरू तयार पारेको ठहरिए सात पुस्तासम्म विस्ताको कीरा भएर नरकमा बस्न परोस् भनी तलेजुका पूजारी पुरोहितले धर्म भाक्न लगाउने चलन अद्यावधि नै छ। उक्त रोटी बनाई पकाउने मठिकर्मीले लगाएको पोशाक– भोटोको फेरमा मुजा गाँसिएको जामा किरातकालीन भेषको रूपमा वि. सं. १४३७ तिर जयस्थितिमल्लले ल्याएका थिए । रोटीबाट तयार पारिएको मन्दिरका रोटीहरू बडादशैंको टीकाको दिनमा सर्वसाधारणलाई प्रसाद वितरण गर्ने वेलामा बडादशैं पर्वको पूजाको फूल सहित प्रसादस्वरूप वितरण गर्ने गर्दथे ।[9] तर आजभोलि उक्त मन्दिर बनाएको रोटी सर्वसाधारणलाई वितरण गर्ने छोडी तलेजुका रकमीहरूले नै लिने दिने गर्दछन्, जसको नाम चौरासी रोटी बाँध्ने भनिन्छ।

---

६) चुन्दा बज्राचार्य– मल्लकाल या छुं घटनावली, २०४३।
७) धनशम्शेर ज. ब. रा.– शारदीय दुर्गा पूजा पद्धति, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, सं. २०३२।
८) लीलाभक्त मुनंकर्मी– नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन, भक्तपुर, सं. २०४१।
९) पूर्ववत्।

संवत् १९०९ को एक टिपोटे किताब

—डा. जगदीशचन्द्र रेग्मी

मेरो संग्रहमा रहन आएको नेपाली कागतको हातले टिपिएको एउटा अगाडि पछाडि जीर्ण भैसकेको किताब रहेको छ सोको सकेसम्म जस्ताको तस्तै उतार यहाँ दिएको छ। पाठकहरूको सुबिधाको लागि शीर्षक छुट्याउन कोष्ठमा क्रमसंख्या दिइएको छ । यो किताबमा पृष्ठसंख्या १ देखि ३८ सम्म लेखिएको छ, तर ३८ औं पृष्ठपछि पनि केही पाना रहेको अन्दाज गरिएको छ, तर त्यो नष्ट भै ३८ पृष्ठसम्म मात्र बाँकी रहन गएको छ।

अपूरो भए पनि यो अभिलेखले सं. १९०९ र त्यसभन्दा केही पहिलेदेखि कुन कुन सरकारी विभाग वा काममा को को व्यक्ति नियुक्त थिए भन्ने कुरा थाहा पाउन सकिने देखिन्छ।

प्रस्तुत किताबको शुरूमै यो कागत कुमारीचोक दफतरखानासंग सम्बद्ध रहेछ भन्ने थाहा पाइन्छ । सारा अड्डाखानाको हिसाब किताब जाँच्ने कुमारीचोक शाह-कालीन प्रशासन व्यवस्थाको एक उच्चतम संस्थाको रूपमा प्रख्यात रहिआएको हो। त्यति महत्त्वपूर्ण संस्थासंग सम्बद्ध यो कागत हुनाले र यसको अन्तर्निहित विषयवस्तु पनि त्यतिकै महत्त्वपूर्ण छ भन्ने स्पष्ट छ। अपूरै रूपमा भए पनि यो कागतले प्रस्तुत गरेका विवरण इतिहासका प्रेमीहरूलाई र प्रशासनिक इतिहासका प्रेमीहरूलाई पनि उत्तिकै सहयोग गर्ने विश्वास गरिन्छ। तर प्रस्तुत टिपोटमा कुनै कार्यालय वा विभागको विवरणमा संवत्को वर्ष लेखे पनि मानिसको नाम नलेखेर खाली छोडिएको हुनाले त्यो अभावले गर्दा हामीलाई अपशोच लागेर आउँछ।

प्रस्तुत अभिलेखमा चर्चित सबै विषयबारे टिप्पणी गर्न त यहाँ सम्भव छैन, तर यो अभिलेखले प्रस्तुत गरेको तत्कालीन फौजसम्बन्धी विवरणबारे केही चर्चा गरिन्छ।

यो कागतमा चर्चित विभिन्न सैनिक संस्थाहरूको नामावली तलको तालिकामा प्रस्तुत गरिन्छः—

१. गणेशदल पल्टन
२. श्रीनाथ कंपु
३. वरष पल्टन
४. रणभि (रणभीम) पल्टन्
५. नयाँ श्रीनाथ कंपनी
६. रणशार्दूल कंपनी
७. अरिदमन् कंपनी
८. ज्वालादल कंपनी
९. भवानीवक्स कंपनी
१०. चन्दननाथ कंपनी
११. कालीजंग पल्टन्
१२. तारादल

१३. शार्दूल कंपनी
१४. नारान् (नारायण) दल कंपनी
१५. वलञ्जङ्ग कंपनी
१६. गुरुवक्स कंपनी
१७. वटुकदल कंपनी
१८. भैरुं पल्टन् (?)
१९. गोरषवक्स कंपनी
२०. श्रीजङ्ग पल्टन
२१. श्रीमेहेर पल्टन
२२. दुर्गाविक्स कंपनी
२३. रणसेर पल्टन
२४. कालीदल कंपनी
२५. देवीदत्त पल्टन
२६. कालीवक्स पल्टन
२७. नयाँ गोरष पल्टन
२८. सेर पल्टन
२९. सिंहनाथ
३०. सवुज पल्टन
३१. रैफल श्रीनाथ
३२. राजदल
३३. महिन्द्रदल पल्टन
३४. पुराना गोरष
३५. कालीप्रसाद
३६. रणप्रिय दल
३७. सर्वध्वोज पल्टन
३८. गणेशदल
३९. रामदल
४०. भैरवनाथ पल्टन
४१. वर्दवानी
४२. सम्सेर दल कंपनी
४३. जगदल पल्टन्
४४. ज्वालादल कंपनी ।

यो सूचीमा ४४ पल्टनको नाम परेको छ तर वास्तवमा पल्टनको संख्या यो भन्दा बढी नै रहेको हुनुपर्दछ ।[1]

नेपालको इतिहासमा सैन्यसम्बन्धी विवरणको राम्रो अध्ययन भैसकेको छैन, तर आधुनिक वा पाश्चात्य खालको नियमित पल्टन खडा गर्ने श्रेय श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई छ किनभने उनले सं. १८१९ मा मकवानपुर विजय गरिसकेपछि श्रीनाथ, व्रजवानि (वज्रवाणी ?), सवुज, गोरष र कालीवक्स नामका ५ 'कम्पनि जमाइ (नुवाकोट) भैरविको थानमा निसान' चढाइएको उल्लेख वंशावलीमा पाइन्छ ।[2] जे होस् सं. १८१९ पछि र खास गरी श्री ५ रणबहादुर शाहको समयदेखि नयाँ नयाँ पल्टन खडा गरी तात्कालिक सैनिक वातावरणलाई भरथेग गरिएको बुझ्न सकिन्छ ।

यहाँ प्रस्तुत टिपोटमा सैनिक सामग्रीको निर्माण-सम्बन्धी संस्थाहरूको पनि उल्लेख भएको पाइन्छ– काठमाडौं मेगजिन, प्यूठाना मेगजिन, रानीपोषरी मेगजिन, भादगाउँ मेगजिन, सिलषाना, ठिमी वारुदषाना, भादगाउँ वारुदषाना र नुवाकोट वारुदषाना । यस्तो सैन्य सामग्रीको निर्माणको आरम्भ पनि श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले गरेका थिए । उनको दिव्य उपदेशमा लखनउबाट सेषजवर आदि तीन जना आएको र उनीहरूले बन्दूकको काम जानेको हुनाले उनीहरूबाट सैनिक व्यवस्था गरेको कुरा

१. टेकबहादुर खत्री– शाही नेपाली सेनाको इतिहास, सं. २०४१, पृ. ३१–६४ मा ५९ पल्टन (?) हरूको इतिहास र संक्षिप्त विवरण प्रस्तुत गरिएको छ ।

२. इतिहासप्रकाश भाग – १, पृ. १२६; टेकबहादुर खत्री, ऐजन पृ. ३३ मा 'पृथ्वीनारायण शाहको दिव्य उपदेशको पृष्ठ १६ मा उल्लेख भए मुताबिक' भनेर शार्दूलजङ्ग र नयाँ गोरषलाई पनि राखी ७ पल्टन खडा भएको कुरा लेख्नु हुन्छ । उहाँले गलत स्रोततिर संकेत गर्नुभएको छ र ५ को सट्टा ७ पुराना पल्टनको नाम दिनुभएको छ ।

उल्लिखित छ ।[3] तिनै मुसलमानहरूले बन्दूक बनाउने, मरम्मत गर्ने र बारुद बनाउने कामको थालनी गरेको हुन सक्दछ । पछि यस क्षेत्रमा निकै प्रगति हुँदै गएको बुझ्न सकिन्छ ।

गोरखालीहरूको सैनिक इतिहास व्यवस्थित रूपले लेख्ने काम बाँकी नै छ ।

दफदरषाना श्रीकुमारिचोकवाट डिठ्ठा इन्द्रसिंका ली दामले १९०९ साल चैत्र सुदि १५ रोजतक दफदरषाना श्रीकुमारिचोकमा कागज नपऱ्याको र कागज परि जमा खर्च फारक नउठ्याको भनि दियाका कागज वमोजिम्–

तपसिल

(१) कागज नग्रायाको– ६२०
कपास भन्सार– २
१९०० साल भवानी– १
१९०९ साल सुवा जित्मान्– १
(२) किराना भन्सार– ३
१९०० साल भवानी– १
१९०८ साल सुवा जित्मान्– १
१९०९ साल सुवा जित्मान्– १ × × ×
(३) निषि भन्सार– २
९८ साल भवानी– १
१९०९ साल जित्मान् × × × ×
(४) भैसि भन्सार– ×
१९०× साल भवानी– १
१९०९ साल– × × ×
(५) चिसापानी सायर– × ×
१९०० साल भवानी १
× × × ×
(६) वेनी वाग्लुं पैसा टक्सार × × ×
९८ साल × × ×
(७) नागऱ्या षानी– १
१९०९ साल कप्तान् जवर षड्का– १××××××
(८) षानी गैह्र– १
१९०९ साल सुवा जित्मान् १ x x x x
(९) हिटिचोक्–––– २
१९०६ साल डाती– १
१९०७ साल डाती– १
(१०) टुसाल धन्सार– १
१९०५ साल धिनारां पुतवार x x x
(११) टोषा हाती सेरा– १
९७ साल धिन्नारान् पुतवार–१ x x x
(१२) कागत यकहट्टी– १
१९०९ साल राजमान् १
(१३) वभनी हातीसार x x x १
१९०१ साल x x x x
(१४) सल्ल्यान् हातीसार––––
९५ साल कपतान् विरवहादुर साह–१
९७ साल वलराम कुवर.....
(१५) १९०० साल भुपाल थापा १
१९०३ साल सर्दा (र) जुद्धरंजन्साही– १
१९०१ साल चौतरिया विरवृन्दपराक्रम साह–१
१९०२ साल ऐजन्– १
(१६) मोरंग हातीसार ६
९३ साल नरदल थापा १
९४ साल ऐंजन– १
१९०४ साल काजि हेमदल थापा
९५ साल वाका षत्री– १
१९०२ साल सुवा हिरालाल–१
१९०५ साल अमानत् हेमदल थापा– १
(१७) दफदरषाना श्रीकुमारिचोक्– १
९७ साल करविरपाडे– १
(१८) चार अदालत्– २
९६ साल डिठ्ठा कनकसिं वस्न्यात्– १
१९०९ साल सर्दार कर्णसिं वोगटी

३. योगी नरहरिनाथ (संपा.)– दिव्य उपदेश, सं. २०१६, पृ१९; गौतमबज्र वज्राचार्य (संपा.)– श्री ५ पृथ्वीनारायण शाहको उपदेश, पृ. ३८४.

(१९) जुमला अदालत्– ५
१९०० साल सर्दार दरियावरसिं वस्न्यात्– १
१९०३ साल सर्दार हस्तवीर साही– १
१९०१ साल चौतरिया विरविन्दपराक्रमसाह– १
१९०२ साल ऐं ऐं– १
१९०९ साल ... १

(२०) धनकुट्टा अदालतको– १
१९०९ साल कर्णेल कृष्णध्वजकुवर राणाजी– १

(२१) डडेलधुरा अदालत– १३
९१ साल .....– १
९५ साल वाकाविर पंथ– १
१८ साल... .....– १
१९०० ..... – १
१९०४ साल काजि जित्मान्सिवस्न्यात्– १
१९०५ साल ऐं ऐं– १
१९०१ साल १
९३ साल.....– १
९६ साल भुपाल थापा– १
९९ साल.....– १
१९०२ साल.....– १
१९०९ साल वडा कपतान् रणमेहेर अधीकारी– १
९२ साल..... – १

(२२) रुगुम षानी– ३
९० साल .....– १
९६ साल तुलासाही– १
९५ साल तुलासाही– १

(२३) मैन भन्सार– २
१९०८ साल भवानीदास– १
१९०९ साल साहेवसिं– १

(२४) दहि भन्सार– ४
१९०३ साल लक्ष्मी– १
१९०४ साल ऐं– १
१९०८ साल वागवीर– १
१९०९ साल ऐं– १

(२५) सहर काठमाडौ पोता १
१९०९ साल वीष्णुदास्– १

(२६) भोट् भन्सार– १
१९०९ साल त्रिभुवन्– १

(२७) सहर पाटन्का पोता– १
१९०९ साल सुवा धनसुन्दर– १

(२८) सहर भादगाउ पोता– २
१९०८ साल सुवा नैनसिं जमानी कपतान् कालु थापा
१९०९ साल भाजुविर– १

(२९) काठमाडौ मेगजिन्– १६
९० साल सुवेदार चन्द्रविर– १
९१ साल ऐं ऐं– १
९२ साल जक्तविर– १
९३ साल सुवेदार चन्द्रविर– १
९४ साल सुवा धोकल– १
९५ साल रणवं थापा– १
९६ साल ऐं– १
९७ साल ऐं– १
९८ साल सत्रुभंजन साही– १
९९ साल कपतान् मोहनविर साही– १
१९०० साल सर्दार सत्रुभजन्– १
१९०१ साल ऐं ऐं– १
१९०२ साल ऐं ऐं– १
१९०३ साल सर्दार विरधोज वस्न्यात्– १
१९०४ साल काजी हिरालाल झा– १
१९०९ साल .....– १

(३०) प्युठाना मेगजिन्– १
१९०९ साल .....– १

(३१) वसन्तपुर जगेरा– ७
९३ साल कपर्दार गरुडध्वोज पाडे– १
९४ साल ऐं दलवहादूर पाडे– १
९७ साल विरकेसर पाडे– १
९८ साल कुलराज पाडे– १
९९ साल दलवहादूर पाडे– १
१९०० साल किर्तिधोज पाडे– १

१९०१ साल ऐंजन् १

(३२) जिल्लै वारा– ३
१९०७ साल सुवा तारानीधी पुडासैनी– १
१९०८ साल.....– १
१९०९ साल . ...– १

(३३) जिल्लै प्रगन्ना सर्लाहि– ३
१९०७ साल कुमेदान् सिंहविर थापा– १
१९०८ साल कुमेदान् सिंहविर था(पा)– १
१९०९ साल.....– १

(३४) जिल्लै सप्तरि– ३
१९०७ साल रूपनदास्– १
१९०८ साल..... १
१९०९ साल.....– १

(३५) जिल्लै महुतारि– ३
१९०७ साल सुवा गिरिजादत्त मिश्र– १
१९०८ साल.....– १
१९०९ साल .. – १

(३६) जिल्लै मोरंग– २
१९०८ साल.....– १
१९०९ साल.....– १

(३७) मोरंग काठमहाल– २
१९०८ साल.....– १
१९०९ साल.....– १

(३८) सोरा महाल– २
१९०८ साल.....– १
१९०९ साल .... – १

(३९) गंधक् षानी (पानी ?)– ८
९५ साल सुवा हिरालालझा– १
९६ साल ऐं ऐं– १
९७ साल चन्द्रविर पुतवार– १
९८ साल ऐं ऐं– १
१९०० साल महिन्द्र साल्मी– १
१९०१ साल सुवा हिरालाल झा १
१९०८ साल——— १
१९०९ साल——— १

(४०) चौधरि– १७
९२ साल जक्तविर– १
९३ साल ऐं– १
९४ साल पाडौ पुतवार– १
९५ साल ऐं ऐं– १
९७ साल हरि— १
९८ साल कुवेर — १
९९ साल ऐं– १
१९०० जक्तवीर– १
१९०१ साल ऐं– १
१९०२ साल जक्तवीर– १
१९०३ साल कुवेर — १
१९०४ साल राजविर– १
१९०५ साल कृष्णविर– १
१९०६ साल कुवेर– १
१९०७ साल माहाविर– १
१९०८ साल राजमान्– १
१९०९ साल सुवा जित्मान्– १

(४१) चितवन् वेलवत्– ९
९३ साल वक्तवार षड्का-- १
९९ साल चौतरिया नरहरि विक्रमसाह-- १
१९०० साल ऐं ऐं-- १
१९०१ साल ऐं ऐं — १
१९०२ साल सुवा हिरालाल झा-- १
१९०३ साल ऐं ऐं-- १
१९०७ साल सुवा जित्मान्-- १
१९०८ साल अमानत तैनाथ श्रीजनरल कृष्ण-
वहादुर कुवर राणाजी-- १
१९०९ साल ऐं ऐं-- १

(४२) मंडि वर्म्मदेउ-- ७
९५ साल दिलीपसिं वोगटि-- १
९६ साल मैत्र विष्ट— १
९७ साल भाजुकत– १
१९०० साल मैत्र विष्ट-- १

१९०३ साल सुवा हिरा(ला)ल झा-- १
१९०८ साल काजी कुलमानसिं वस्न्यात्-- १
१९०९ साल धिर्जविर जमानी कालु सुवार-- १

(४३) वुटवल षजहनी-- ६
९४ साल सिववक्सपुरि-- १
९५ साल ऐं ऐं-- १
१९०६ साल विरभंजन् माझी-- १
१९०७ साल सुवा लक्ष्मापती जैसी-- १
१९०८ साल अमानत तैनाथ श्रीजनरल कृष्णवहादुर कुवर राणाजी-- १
१९०९ साल अमानत तैनाथ ऐं ऐं-- १

(४४) जिल्लै पर्सा-- ३
१९०७ साल सुवा केसवसिं-- १
१९०८ साल.....- १
१९०९ साल .. ...- १

(४५) रौटहट्-- ४
१९०३ साल चौभाइ मित्रलाल पाध्या-- १
१९०७ साल सुवा रणदिप् सिं थापा-- १
१९०८ साल-- १
१९०९ साल-- १

(४६) सदर कंपनी दफदरषाना निजामत्पट्टिस्मेत्-- १
१९०९ साल डिठा वेवीमाधौ पाध्या-- १

(४७) जुमलाका वाजविज ठेक-- ३
९२ साल कपतान् गजकेसर षत्रि-- १
१९०३ साल सर्दार हस्तविर साहि-- १
१९०९ साल कपतान् वर्फानसिं वस्न्यात्-- १

(४८) नेपाल हातीसार-- १२
९० साल.....-- १
९१ साल..... -- १
९२ साल..... -- १
९३ साल.....-- १
९४ साल डिठ्ठा विरूधोज कार्कि-- १
९५ साल डिठ्ठा विरूधोज-- १
९६ साल ऐं ऐं-- १
९७ साल ऐं ऐं-- १
९८ साल ऐं ऐं-- १
९९ साल ऐं ऐं-- १
१९०० साल ऐं ऐं-- १
१९०९ साल ऐं ऐं-- १

(४९) श्रीमाहिला साहेवज्यूका फर्मायसि जिल्लै वारा पर्सामध्ये-- ३
९० साल-- १
१९०४ साल सुवा रत्नमान्सिं-- १
१९०५ साल सुवा रत्नमान्सिं-- १
१९०६ साल-- १ मालमा गाभीयो
१९०७ साल-- १ ऐं

(५०) श्रीसाहिला साहेवज्यूका फर्मायसि जिल्लै वारा पर्सा मध्ये-- ५
९० साल सुवा हिरालाल-- १
९४ साल-- १
१९०१ साल सुवा हिरालालझा-- १
१९०५ साल चौरत्नमानसिं (?)-- १
१९०५ साल चौभाइ सुवा रत्नमान्सिं-- १
१९०६ साल ... १ मालमा गाभीयो
१९०७ साल ..... १ ऐं ऐं

(५१) हिटिचोक दफदर जफति-- ६
९६ साल .. -- १
९७ साल .....-- १
९८ साल .....-- १
९९ साल .....-- १
१९०० साल.....-- १
१९०१ साल.....— १

(५२) रानीपोषरि मेगजिन् — १४
९० साल स्युदल कार्कि— १
९१ साल ऐं ऐं — १
९२ साल ऐं ऐं — १
९३ साल ऐं ऐं १
९४ साल ऐं ऐं र(ण)सुर विरकार्कि— १
९५ साल सुरविर कार्कि — १
९६ साल ऐं ऐं— १

९७ साल रणभि वस्न्या(त्) – १
९८ साल एँ एँ – १
९९ साल रणभि वस्न्यात्– १
१९०० साल कोत्या र(ण) भि वस्न्यात्– १
१९०१ साल कोत्या रामचन्द्र कुवर– १
१९०२ साल डिठ्ठा अतीवल– १
१९०३ साल सुवेदार कालु थापा– १

(५३) भादगाउ मेगजिन्– १३
९० साल.....– १
९१ साल.....– १
९२ साल.....– १
९३ साल.....– १
९४ साल.....– १
९५ साल... . – १
९६ साल.....– १
९७ साल.. ...— १
९८ साल..... – १
९९ साल.....– १
१९०० साल.....– १
१९०१ साल.....– १
१९०२ साल..... — १

(५४) छार्का– १४
९० साल– १
९१ साल– १
९२ साल– १
९३ साल– १
९४ साल– १
९५ साल– १
९६ साल– १
९७ साल– १
९८ साल– १
९९ साल– १
१९०० साल– १
१९०१ साल– १
१९०२ साल– १
१९०३ साल– १

(५५) जोगी मंडलाइ– १०
९० साल इन्द्रनाथ– १
९३ साल.....– १
९४ साल... – १
९५ साल.. ...– १
९९ साल भोलानाथ जोगी– १
१९०० साल जक्तिनाथ कृपानाथ– १
१९०१ साल कृपानाथ– १
१९०२ साल जक्तीनाथ– १
१९०३ साल कृपानाथ– १
१९०४ साल कृपानाथ– १

(५६) सन्यासि मंडलाइ– १२
९० साल.....– १
९१ साल.....– १
९२ साल – १
९३ साल.....– १
९४ साल... – १
९५ साल रंजीत् गिरि– १
९६ साल.....– १
९७ साल– १
९८ साल... – १
१९०० साल इक्ष्या भार्ति– १
१९०३ साल केदार गिरि– १
१९०४ साल एँ एँ– १

(५७) आलांपुर– ६
९६ साल लक्ष्मीभक्त झा– १
१९०० साल एँ एँ १
१९०१ साल एँ एँ– १
१९०२ साल धिर्ज– १
१९०८ साल एँ– १
१९०९ साल एँ– १

(५८) ९७ साल चुमाउन्– ३
कास्की कालु मल्ल– १
लमजुं हस्तमानसि वस्न्यात्– १
पाटन् जोगनारान्– १

(५९) सिलषाना– १३
९७ साल कपतान उजिरसेन्– १
९८ साल एै एै– १
९९ साल कपतान् सम्सेरवहादूर पाडे– १
१९०० साल एै एै– १
१९०१ साल एै एै– १
१९०२ साल एै एै– १
१९०३ साल एै एै– १
१९०४ साल कर्णेल वषतजङ्गकुवर– १
१९०५ साल एै एै– १
१९०६ साल एै एै– १
१९०७ साल एै एै– १
१९०८ साल एै एै– १
१९०९ साल एै एै– १

(६०) पाटन् मछिन्द्रनाथका गुठी– १०
८७ साल सुवा रामनारां षत्री– १
८८ साल एै एै– १
९० साल एै एै– १
९१ साल एै एै– १
९९ साल पुटु पंडित्– १
१९०० साल हर्ष भादगार्उ– १
१९०६ साल .....– १
१९०७ साल.....– १
१९०८ साल.....– १
१९०९ साल.....– १

(६१) त्रिपुरेश्वरका गुठी– १
१९०९ साल हनुमन्तसि– १

(६२) दिगुतलेका पंचोपचारपूजा– २
१९०८ साल श्रीगुरुज्यू– १
१९०९ साल श्रीगुरुज्यू– १

(६३) हिटिचोक् सदावर्त– २
१९०८ साल– १
१९०९ साल– १

(६४) तौथली– १
१९०९ साल सुवा मेहरमान्सिं राजभडारि– १

(६५) रामपुर पिहारमहिसोथ– ५
९१ साल.....– १
९७ साल.....– १
१९०१ साल सुवा हिरालाल– १
१९०४ साल सर्दार हेमदल थापा– १
१९०५ साल काजी हेमदल थापा– १

(६६) श्रीनाथ कंपुका कोत– २
१९०८ साल..... – १
१९०९ साल..... – १

(६६) इलाम फाकफोक्– १
१९०९ साल..... – १

(६८) कपर्दारि कोठा – १७
९० साल गरुडध्वज पाडे– १
९१ साल एै एै– १
९२ साल एै एै– १
९३ साल एै एै– १
९४ साल एै एै – १
९५ साल करविरपाडे १
९६ साल विरकेसर एै-- १
९७ साल एै एै– १
९८ साल कुलराज पाडे– १
९९ साल दलवहादूर एै– १
१९०० साल किर्तिध्वज पाडे– १
१९०१ साल एै एै – १
१९०२ साल विरकेसर पाडे– १
१९०३ साल वलभंजन् पाडे– १
१९०५ साल भक्तविर कुवर राणाजी -- १
१९०६ साल एै एै – १
१९०७ साल एै एै – १

(६९) ठिमि वारूदषाना– २२
७० साल डिठ्ठा सिंहविर षतृ– १
(७१ सालदेखि ८१ सालसम्म एै एै जनाइएको)
९५ साल सम्मरजित् – १
९६ साल एै एै – १
९९ साल गजराज कार्कि– १

१९०० साल सेरसि पाठक्— १
१९०१ साल एँ एँ— १
१९०५ साल स्यामलाल डोट्याल— १
१९०६ साल एँ— १
१९०७ साल अविर षड्का— १
१९०८ साल एँ एँ— १
१९०९ साल एँ एँ— १

(७०) भादगाउ वारुदषाना— १५
९२ साल अविर षडका— १
९३ साल एँ एँ— १
९४ साल एँ एँ-- १
९५ साल समरजित्-- १
९६ साल एँ एँ-- १
९८ साल कुलवहादुर अर्ज्याल-- १
१९०२ साल सुवा लक्ष्मीदास्-- १
१९०३ साल दिनानाथ पाध्या-- १
१९०५ साल स्यामलाल डोट्याल-- १
१९०६ साल एँ एँ-- १
१९०७ साल अविर षडका-- १
१९०८ साल एँ एँ-- १
१९०९ साल एँ एँ-- १
९९ साल विरभजन् षतृ-- १
१९०० साल लक्ष्मीदास्-- १

(७१) नुवाकोत वारूदषान-- २०
९९ साल.....-- १
९१ सालदेखि १९०९ सालसम्मको तालिका लेखिएको तर कुनै नामको उल्लेख नभएको

(७२) फरासकोठा-- १८
९० साल.....-- १
९१ साल.....-- १
९२ साल.....-- १
९३ साल ...-- १
९४ साल सर्दार रणधोज द्वाऱ्या अर्जुन्-- १
९५ साल विरकेसरपाडे-- १
९६ साल रामनरसि-- १
९७ साल कुलराज पाडे-- १
९८ साल द्वाऱ्या अर्जुन्-- १
९९ साल सुमेरसि कुवर-- १
१९०० साल सुवा कोकल्या-- १
१९०१ साल एँ एँ-- १
१९०२ साल सुवा रणमेहर षतृ कालीदास्-- १
१९०३ साल एँ एँ-- १
१९०६ साल सुवा सिवनरसि-- १
१९०७ साल एँ एँ-- १
१९०८ साल एँ एँ-- १
१९०९ साल.....-- १

(७३) ल्हासाको नाइक्या-- ४
९४ साल.....-- १
९५ साल.....-- १
९६ साल.....— १
१९०९ साल.....-- १

(७४) अस्तवलषाना-- ३८
६८ साल धिर्ज-- १
६९ सालदेखि १९०४ सालसम्म ऐ १९०९ साल दारोगा राजविर १

(७५) इन्द्रचोक् ठाना-- २
१९०३ साल मानविर-- १
१९०९ साल सुवेदार जक्तवहादूर षत्री-- १

(७६) पोषलड्याङ सदावर्त-- १
१९०९ साल.....-- १

(७७) गनेसदल् पल्टनका दर्सन् भेट्-- २
१९०५ साल.....-- १
१९०६ साल.....-- १

(७८) तप्पा रौतहट्-- २
९६ साल.....— १
१९०७ साल..... — १

(७९) पश्चिम् जाच— १
सिवभक्त माझी — १

(८०) श्रीनाथ कपुका दर्सन् भेट्— ४

९८ साल षरिदार कृष्णलाल– १
९९ साल ऐं ऐं– १
१९०८ साल ...– १
१९०९ साल.....– १

(८१) वरषपल्टन्का दर्सन भेट्– ९
९३ साल धवरजङ्गसाह– १
९९ साल ऐं ऐं– १
१९०० साल ऐं ऐं– १
१९०१ साल दक्षसाह– १
१९०३ साल भिमविक्रम साह– १
१९०६ साल कर्णेल षड्गवहादुर कुवर राणाजी- १
१९०७ साल ऐं ऐं– १
१९०८ साल ऐं ऐं– १
१९०९ साल .....– १

(८२) रणभि पल्टन्– १
१९०९ साल वडा कपतान् रणमेहर्सि
अधिकारि– १

(८३) कालाढुंगा नयाँ श्रीनाथकंपनी– २
१९०१ साल चौतरिया ज्यान्साह– १
१९०९ साल सर्दार कनकसि महत्– १

(८४) रणसाद(र्दू)ल कंपनी ३
९२ साल रणमर्दन साहि– १
१९०८ साल कपतान् उजिरसेन्– १
१९०९ साल डिट्ठा हेमत्वहादूर सेन्– १

(८५) अरिदमन् कंपनी– ४
९६ साल सुवेदार पद्मध्वोज षत्– १
१९०० साल सुवा सिवलाल मिश्र– १
१९०३ साल सर्दार करविरसेन्– १
१९०९ साल.....– १

(८६) ज्वालादल कंपनी – ३
१९०० साल काजि वद्रिवान साहि– १
१९०८ साल सुवा विरभंजन्साही– १
१९०९ साल... – १

(८७) भवानीवक्स कंपनी– २
१९०० साल काजि वद्रिवान्साहि– १
१९०९ साल – १

(८८) चन्दन्नाथ (कंपनी ?)– ७
९७ साल हस्तविर साही– १
९८ साल ऐं ऐं– १
९९ साल ऐं ऐं– १
१९०१ साल चौतरिया विरविन्दपराक्रमसाह– १
१९०२ साल चौतरिया विरविन्दपराक्रमसाह– १
१९०३ साल सर्दार हस्तविर साहि– १
१९०९ साल .....– १

(८९) कालिजङ्ग पल्टन्– ५
९३ साल सुवा कनकसि वस्न्या(त्)– १
९५ साल चौतरिया भिमविक्रम साह– १
१९०१ साल चतरिया विरविन्दपराक्रमसाह– १
१९०२ साल ऐं ऐं– १
१९०९ साल – १

(९०) तारादल– ४
१९०६ साल कपतान् जग्यवाहादूर घर्ति– १
१९०७ साल ऐं ऐं– १
१९०८ साल ...– १
१९०९ साल... – १

(९१) सालदूङ्ग (शार्दूल ?) कंपनि– ६
९० साल सर्दार दरियावरसि वस्न्यात्– १
९५ साल सर्दार प्रहल्लाद थापा– १
९६ साल काजि रणदल पाडे– १
९७ साल ऐं ऐं– १
९८ साल वावु प्रभु साह– १
१९०९ साल.....– १

(९२) नारान्दल कंपनी– ४
९० साल.....– १
९७ साल सर्दार लछिविर साही– १
१९०८ साल ... – १
१९०९ साल... – १

(९३) वलङ (?) जङ कंपनी— १०
९० साल हर्कवहादूर कुवर – १

९२ साल .....– १
९३ साल.....— १
९४ साल ..... – १
१९०४ साल सुवा लक्ष्मापती जैसी – १
१९०५ साल एै एै— १
१९०६ साल सुवा विरभंजन् माझी— १
१९०७ साल सुवा लक्ष्मापति जैसी— १
१९०८ साल.....— १
१९०९ साल.....— १

(९४) गुरुवक्स कंपनि— ५
९० साल चौतरिया फत्यजङ्ग साह – १
९२ साल एै एै — १
९३ साल एै एै – १
९४ साल चौतरिया फत्यजङ्ग साह— १
१९०२ साल कपतान् हस्तविर साहि रणसेर ३ सै मध्ये १०० नाल

(९५) वटुकदल कंपनी – १
१९०९ साल कपतान् महारुद्र षतृ— १

(९६) भैरु पल्टन्— २
९६ साल काजि जङ्गविर पाडे – १
१९०९ साल.....,– १

(९७) गोरषवक्स कंपनी– ३
९८ साल लेफटेन् जैकृष्ण आले— १
९९ साल लेफटेन् जैकृष्ण आले— १
१९०९ साल ...– १

(९८) श्रीजङ्गपल्टन्— १
१९०९ साल... . – १

(९९) नआ श्रीनाथ– १
१९०९ साल– १

(१००) श्रीमेहेरपल्टन्– १
१९०५ साल श्रीकम्यांडर इन चिफ जनरल वंवहादूर कुवर राणाजी– १

(१०१) दुर्गावक्स कंपनी– ६
९० साल सुवेदार कोकिल– १
९१ साल एै एै– १
९३ साल एै चन्द्रविर– १
९४ साल..... – १
१९०८ साल.....– १
१९०९ साल... . – १

(१०२) रणसेर पल्टन्– ५
९३ साल चौतरिया रणउद्योतसाह– १
९५ साल एै एै– १
१९०७ साल सेकीन् जनरल जयवहादूर कुवर राणाजी– १
१९०८ साल.....– १
१९०९ साल.....– १

(१०३) अमिनि तैंनाथीपट्टि– ६
९५ साल ...– १
९६ साल छविलाल पंडीत्– १
९७ साल कुमेदान डिल्लीसि वस्न्यात्– १
९८ साल कुमेदान् डिल्लीसि वस्न्यात्– १
१९०३ साल सर्दार भवानिसि– १
१९०९ साल.....– १

(१०४) कालिदल कंपनी– १
१९०२ साल काजि भिमविक्रम साह रण(शे)र ३ सैमध्ये– १

(१०५) श्रीनाथकंपूका दफदर षेतषुवाको– १०
९७ साल कुल्यापाडे– १
९८ साल चौतरिया फत्यजङ्ग साह: विरवहादूर कुवर– १
९९ साल का(जि) दलकेसर पाडे– १
१९०० साल काजी दलकेसर पाडे– १
१९०१ साल मातवरसिंह थापा– १
१९०५ साल षर्दार धिर्जविर– १
१९०६ साल एै एै– १
१९०७ साल .. – १
१९०८ साल.....– १
१९०९ साल.....– १

(१०६) देवीदल पल्टन्– ३
९८ साल श्रीगुरु पंडितराज रंगनाथ पंडीतज्यू– १
९९ साल श्रीगुरु पंडितराज रंगनाथ पंडीतज्यू– १
१९०० साल ऐं ऐं– १

(१०७) कालीवक्स पल्टन्– २
१९०४ साल..... – १
१९०५ साल..... – १

(१०८) नम्रा गोरषपल्टन् ६०० मध्ये २०० नाल– २
९५ साल चौतरिया भिमविक्रमसाह– १
९६ साल काजी प्रसादसिंह वस्न्यात्– १

(१०९) सेर पल्टन्– ४
१९०४ साल ...— १
१९०५ साल.....– १
१९०६ साल..... – १
१९०९ साल.....– १

(११०) सिंहनाथ– २
९९ साल..... – १
१९०० साल चौतरिया विरविन्द पराक्रम साह– १

(१११) दफदरषानामा रह्याका चन्दन्नाथ कंपनी– ३
१९०३ साल षर्दार वुढि(द्धि)मानसि – १
१९०५ साल षर्दार धिर्ज – १
१९०६ साल ऐं ऐं— १

(११२) वसन्तपुर तहविल— ४
९६ साल सुवा भुवनसिं – १
९८ साल कपतान् किर्तिविर कार्कि-- १
९९ साल कपतान् किर्तिविर कार्कि-- १
१९०० साल ऐं ऐं– १

(११३) अमरपुर गोला– १
१९०५ साल ...– १

(११४) पोसाक् कोठा– ३
१९०२ साल– १
१९०८ साल– १
१९०९ साल– १

(११५) पाल्पा अदालत– १
९३ साल विचारि लक्ष्मीनारान् अधिकारि– १

(११६) नुवाकोट् वारुदषाना– २०
९० साल.....– १
९१ सालदेखि १९०२ सालसम्म..... १ मात्र लेखिएको
१९०३ साल कृष्णलाल धमाल– १
१९०४ साल दिनानाथ पा(ध्या)– १
१९०५ साल दृघ(दीर्घ)सिं थापा– १
१९०६ साल.....– १
१९०७ साल– १
१९०८ साल– १
१९०९ साल– १

(११७) सवुज पल्टन्– १४
९० साल काजि वक्तवार सिं थापा– १
९१ साल रणविर सिंह थापा– १
९२ साल ऐं ऐं– १
९३ साल ऐं ऐं– १
९४ साल रणविरसिंह थापा– १
९५ साल काजि रणदलपाडे– १
९६ साल ऐं ऐं– १
९७ साल ऐं ऐं– १
१९०० साल ऐं ऐं– १
१९०२ साल काजी तीलविक्रम– १
१९०४ साल कर्णेल कृष्णवहादुर कुवर राणाजी– १
१९०५ साल ऐं ऐं– १
१९०६ साल जनरल कृष्णवहादुर कुवर राणाजी– १
१९०९ साल.....– १

(११८) दप्पे श्रीनाथ कंपुका दफदरषाना– १०
१९०७ साल– ५
(क) रैफल श्रीनाथ राजदल महिन्द्रदल पल्टन ५

मार्फत् षरिदार धिर्जनरसिं दसरथ– १

(ख) पुराना गोरष कालीप्रसाद रणप्रियदल सर्वधोज पल्टन् ४ मार्फत् षरिदार नारान् दत्त पाध्या रुद्रविर– १

(ग) गणेसदल नामदल् देवीदत् भैरवनाथ पल्टन् ४ मार्फत् षरिदार जग्यनीधि पाध्या नन्दीकेसर– १

(घ) कालीवक्स वर्दवानी नजागोरष सम्सेर दल पल्टन् ४ मार्फत् षर्दार दौलथसिं जोगनरसिं- १

(ङ) सिंहनाथ जगदल पल्टन् २ मार्फत् षर्दार पुर्नानन्द– १

१९०८ साल– ५

(क) जगा जमीनको वन्दोवस्त गर्न्या षर्दार पुर्नानन्द लक्ष्मीभगत्— १

(ख) तिर्जा पुर्जाको काम गर्न्या षर्दार दसरथ सिं भवनाथपाध्या— १

(ग) पल्टन् गैंहको मोठ वाधन्या षर्दार नन्दिकेसर कुवेरसिं — १

(घ) अ्रसुल तपसिलको काम गर्न्या षर्दार ज्यग्य (जग्य, यज्ञ) नीधी पाध्या दौलथसिं— १

(ङ) जगेरा तहविलको काम् गर्न्या षर्दार नारा(न्) दत्त पाध्या तहविल्दार जित्मान् — १

१९०९ साल– ५

(क) जगा जमिन्को काम गर्न्या वन्दोवस्तको पुर्नानन्द लक्ष्मीभगत् पाध्या— १

(ख) तिर्जा पुर्जाको काम गर्न्या षर्दार दसरथसिं भवनाथ पाध्या — १

(ग) पल्टन् गैंहको मोठ वाधन्या षर्दार नन्दीकेसर कुवेर — १

(घ) अ्रसुल तहसिलको काम गर्न्या षर्दार जग्यनीधी-पाध्या दौलथसिं— १

(ङ) जगेरा तहविलको काम गर्न्या षर्दार नारान् दत्तपाध्या तहविल्दार जित्मान्— १

(११९) कागज आइ ज्मा षर्च फारक् नउठ्याको- २९७

(१) कपास् भन्सार— १

९९ साल भवानी— १

(२) किराना भन्सार— ३

९७ साल भन्सारि भवानी — १

९८ साल भवानी — १

९९ साल ऐं ऐं— १

(३) निरषि भन्सार— १

९९ साल भवानी— १

(४) भैंसि भन्सार— ५

९६ साल भवानी— १

९७ साल ऐं— १

९८ साल भवानी— १

९९ साल ऐं— १

१९०६ साल केसवसिं— १

(५) चिसापानी सायर — १

९९ साल भवानी— १

(६) नागन्या षानी— ३

१८९२ साल भाजुधन्— १

१९०० साल सुवा हिरालालझा — १

१९०२ साल सुवा हिरालाल झा— १

(७) वेनी वागलुं पैसा टक्सार— ७

९१ साल आत्माराम पाध्या— १

९२ साल ऐं ऐं — १

९३ साल ऐं ऐं — १

१९०० साल सुवा लक्ष्मापती जैसी — १

१९०१ साल सुवा हिरालालझा — १

१९०२ साल ऐं ऐं — १

१९०८ साल सुवा किर्तिमान्सिं राजभंडारि १

(८) षानी गैंह — ४

९२ साल सुवा सिवनरसिं— १

१९०१ साल सुवा हिरालाल — १

१९०२ साल सुवा हिरालाल — १

१९०५ साल सुवा जित्मान् — १

(९) ठिमि वलक्— ३
१९०५ साल रामधर— १
१९०६ साल रामधर— १
१९०७ साल ऐं— १

(१०) वाउन कुत— १
९७ साल धिन्नारान्— १

(११) हिटिचोक् — ४
१९०१ साल जगतासिं— १
१९०३ साल रामधर— १
१९०४ साल सुवा धनसुन्दर— १
१९०५ साल डाकि — १

(१२) टुसाल धन्सार— ३
९६ साल पाडौं पुतवार— १
९७ साल मानवहादूर— १
१९०७ साल सिवदत्त पाध्या— १

(१३) टोषा हाती सेरा— २
१९०६ साल सिवदत्त पाध्या— १
१९०७ साल वाका पुतवार — १

(१४) छेभडेल— ३
१९०६ साल सिद्धिनारान्— १
१९०७ साल डिठा रणसुर विष्ट— १
१९०९ साल प्रभु राम् विष्ट— १

(१५) वभनी हातीसार— १
९३ साल मोतीसिं षत्री— १

(१६) सल्ल्यान् हातीसार— २
९३ साल कनकिं वस्न्यात्— १
१९०५ साल श्रीजनरल वद्रिनरसिं कुवर राणाजी वहादूर १

(१७) चार अदालत— ४
९५ साल डिठ्ठा कनकसिं वस्न्यात्— १
९६ साल सर्दार कर्णसिं वोगटि— १
१९०७ साल सर्दार कर्णसिं वोगटि— १
१९०८ साल ऐं ऐं— १

(१८) जुमला अदालत— १
१९०४ साल सर्दार फत्यसिं— १

(१९) धनकुत्ता (टा) अदालत— १
१९०४ साल काजि हेमदल थापा— १

(२०) रुगुं षानी— ७
९२ साल सुवा हरिकृष्ण— १
९४ साल कृष्णारान्— १
९७ साल कलचुमल्ल— १
९८ साल कलचुमल्ल— १
९९ साल घाटु वुढा— १
१९०० साल डम्वरसाहि— १
१९०३ साल घाटु वुढा— १

(२१) दहि भन्सार— ५
१९०३ साल लक्ष्मि— १
१९०४ साल ऐं— १
१९०५ साल लक्ष्मी— १
१९०६ साल ऐं— १
१९०७ साल इजारा वागविर— १

(२२) सहर काठमाडौ पोता— २
९१ साल राजविर श्रीकृष्ण— १
१९०४ साल भाचाधन श्रीकृष्ण— १

(२३) सहर पाटन् पोता— ३
१९०४ साल मान्विर— १
१९०५ साल मान्विर— १
१९०७ साल धनसुन्नर— १

(२४) सहर भादगाउं पोता— १
९६ साल संकरदास्— १

(२५) सहर काठमाडौ मेगजिन्— ४
१९०५ साल कप्तान् उजिरसेन्— १
१९०६ साल ऐं ऐं— १
१९०७ साल कपतान् उजिरसे (न्)— १
१९०८ साल डिठ्ठा हिमत्वहादूरसेन्— १

(२६) वसन्तपुर जगेरा— ४
९५ साल करवि (र) पाडे— १
९६ साल विरकेसर पाडे— १

१९०६ साल जनरल भक्तविर कु(व)र राणाजी– १
१९०७ साल जनरल भक्तविर कुवर राणाजी– १

(२७) गंधक् षानी– १
१९०२ साल सुवा हिरालालझा– १

(२८) चौधराइ– ३
९० साल धिनारान्– १
९१ साल धिनारान्– १
९६ साल कुवेर– १

(२९) चितवन् वेलवट्– १
९७ साल रामनरसि पुतवार मदमनारान् महिन्द्र– १

(३०) वुटवल षजहनि– १
१९०७ साल सुवा लक्ष्मापति जैसि– १

(३१) जुमलाका वाजविठेक्– १
१९०४ साल सर्दार फत्यसि– १

(३२) नासलचोक् तहविल– ८
९८ साल मान्विर– १
९९ साल ऐं– १
१९०० साल ऐं– १
१९०१ साल ऐं– १
१९०२ साल ऐं– १
१९०४ साल काजि जयवहादूर कुवर– १
१९०५ साल सिकिन् जनरल जयवहादूर राणा– १
१९०६ साल ऐं ऐं– १

(३३) नेपाल हातिसार– ६
१९०३ साल डिठ्ठा विरूध्वज कार्कि– १
१९०४ साल ऐं ऐं– १
१९०५ साल ऐं ऐं– १
१९०६ साल डिठ्ठा विरधोज कार्कि– १
१९०७ साल ऐं ऐं
१९०८ साल ऐं ऐं

(३४) श्रीमाहिला साहेवज्यूका फर्मायसि जिल्लै वारा पर्सामध्ये १९०२ साल सुवा हिरालालझा– १

(३५) हिटिचोक् दफदर जफती– ३
१९०२ साल सुवा रामनाथ पाध्या– १
१९०३ साल ऐं ऐं– १
१९०४ साल सुवा रामनाथपाध्या– १

(३६) रानीपोषरि मेगजिन्– ४
१९०४ साल कोत्या सरूप षडका– १
१९०५ साल डिठ्ठा हिमत्वहादूरसेन्– १
१९०६ साल डिठ्ठा हिमत्वहादूर सेन्– १
१९०७ साल ऐं ऐं– १

(३७) छारका– ४
१९०४ साल रामधर– १
१९०५ साल ऐं– १
१९०६ साल रामधर– १
१९०७ साल ऐं– १

(३८) जोगि मंदलाइ– ३
९६ साल भोलानाथ जोगी– १
९७ साल भोलानाथ– १
९८ साल ऐं– १

(३९) भडारषाल तहविल– १
१९०४ साल हस्तविर साही– १

(४०) ९७ सालमा लाग्याको चुमाउन्– ४
चौतरिया पुष्करसाहा गोस्वारा– १
कप्तान् सिं गोर्षा– १
भाजुमति (नि ?) भादगाउ– १
कृपालामा टोषा– १

(४१) सिलषाना– २
९५ साल कपतां उजिर्सेन्– १
९६ साल कपतान् उजिरसेन्– १

(४२) गोडधुवा– १
१९०२ साल पाहाद(ड) को चार सुवा– १

(४३) पाटन् मछिन्द्रनाथ– १७
८२ साल हांक्या– १
८३ साल ऐं– १
८४ साल ऐं– १
८५ साल ऐं– १
८६ साल ऐं– १
९२ साल डिट्ठा माधन्- १
९३ साल कितिमान्– १
९४ साल ऐं– १
९५ साल ऐं– १
९६ साल ऐं– १
९७ साल डिट्ठा प्रयागदत्त– १
९८ साल ऐं ऐं– १
१९०१ साल कितिमान् काठमाडौ– १
१९०२ साल धिन्नारान् षोनावाजि– १
१९०३ साल ऐं ऐं– १
१९०४ साल ऐं ऐं– १
१९०५ साल ऐं ऐं– १

(४४) हिटिचोक् सदावर्त– ६
१९०२ साल कपतान् कितिविरकार्कि– १
१९०३ साल ऐं ऐं– १
१९०४ साल लेफटेन सम्मरसिका मुष्यानी–१
१९०५ साल ऐं ऐं– १
१९०६ साल ऐं ऐं-- १
१९०७ साल लेफटेन सम्मरसिका मुष्यानी–१

(४५) तौथली– १
१९०८ साल सुवा मेहरमानसि राजभडारि–१

(४६) रामपुर पिहार महिसोथ– २
१९०२ साल सुवा हिरालाल झा— १
१९०३ साल चौभाइ सर्दार हेमदल थापा – १

(४७) श्रीनाथकंपुका कोत-- ११
९७ साल सुवेदार रणसि थापा – १
९८ साल लेफ्टेन् तुलसि कार्कि— १
९९ साल लेफ्टेन् जुद्धविर वोहरा – १
१९०० साल ऐं ऐं – १
१९०१ साल लेफ्टेन् तुलसि कार्कि— १
१९०२ साल ऐं ऐं– १
१९०३ साल डिट्ठा सिंहविर— १
१९०४ साल कपतान् सनकसि षत्री-- १
१९०५ साल कपतान् सनकसि षत्री – १
१९०६ साल ऐं ऐं – १
१९०७ साल कपतान् सनकसीं षत्री– १

(४८) ठिमि वारुदषाना– १७
८२ साल अविर षडका– १
८३ साल ऐं ऐं– १
८४ सालदेखि ९४ सालसम्म ऐं ऐं जनिएको
९७ साल कुलवहादूर अर्ज्याल– १
९८ साल ऐं ऐं– १
१९०३ साल स्यामलाल डोट्याल– १
१९०४ साल स्यामलाल डोट्याल-- १

(४९) भादगाउं वारूदषाना-- ४
९७ साल कुलवहादूर अर्ज्याल-- १
१९०१ साल दिनानाथ पाध्या-- १
१९०३ साल दिनानाथ पाध्या-- १
१९०४ साल स्यामलाल डोट्याल-- १

(५०) फरासकोठा-- २
१९०४ साल सुवा सिवनरसि – १
१९०५ साल सुवा सिवररासि – १

(५१) ल्हासाको नाइक्या-- १४
९५ सालदेखि १९०७ सालसम्म रामसुन्दर- १

(५२) गादिममारष-- १
१९०४ साल सुवा जित्मान्-- १

(५३) श्रीनाथकंपूका दर्सन् भेट्-- ४
१९०० साल काजि दलकेसर पाडे षरिदार कृष्णलाल पाध्या-- १
१९०१ साल तैनाथ मातवरसि थापा षरिदार कृष्णलाल ऐं-- १
१९०२ साल तैनाथ मातवरसि थापा षरिदार वुद्धिमान्सि-- १
१९०३ साल गंगनरसि षर्दार वुद्धिमानसि-- १

(५४) रणसादल (शार्दूल ?) कंपनी— ३
१९०५ साल कपतान् उजिरसेन-- १
१९०६ साल कपतान् उजिरसेन्-- १
१९०७ साल कपतान् उजिरसेन— १

(५५) ज्वालादल कंपनी-- २
१९०२ साल काजि सिंहविर पाडे सुवेदा (?...) — १
१९०३ साल काजि सिंहविर पाडे सुवेदार ...षत्रि— १

(५६) नारान्दल— १
१९०२ साल सर्दार रसंसि — १

(५७) श्रीमेहेर— २
१९०२ साल षर्दार बुद्धिमान्— १
१९०४ साल काजि वम्वहादुर कुवर राणाजी — १

(५८) दुर्गाविक्स— १
१९०७ साल जनरल वद्रिनरसि कुवर राणाजी-- १

(५९) श्रीनाथ कंपुका दफदर षेतषुवाको-- ४
९५ साल चौतरिया फत्यजङ्ग साह षर्दार जोतीनारान्-- १
९६ साल एँ एँ-- १
१९०२ साल मातवरसि थापा षर्दार बुद्धिमान् सि-- १
१९०३ साल जर्णेल गंगनसि षर्दार बुद्धिमान्सि-- १

(६०) वसन्तपुर तहविल-- २
९५ साल सुवा भुवनसि-- १
९७ साल कप्तान् किर्तविर-- १

(६१) सल्यान् अदालत्-- १
१९०८ साल वडा कप्(ता)न् रणमेहर अधिकारि-- १

(६२) श्रीमाहीला साहेवज्यूका मषन्कोट् तहवील-६
१९०३ साल वडा कपतान् कृष्णध्वज कुवर राणाजी— १
१९०४ साल एँ एँ— १
१९०५ साल एँ एँ— १
१९०६ सास एँ एँ-- १
१९०७ साल एँ एँ-- १
१९०८ साल एँ एँ-- १

(६३) वसन्तपुर मोठ तहविल-- २
१९०७ साल रामसुन्दर-- १
१९०८ साल एँ एँ-- १

(६४) वक्यौता तहविल-- २
१९०६ साल लेफटेन् चतुर आले-- १
१९०७ साल एँ एँ— १

(६५) वसंन्तपुर मोजदात् तहविल— १
१९०६ साल.....— १

(६६) कडरवाना अदालत— ३
१९०६ साल..... — १
१९९७ साल..... — १
१९०८ साल .... — १

(६७) कोट् भडार— १
१९०४ साल कपर्दार भक्तविर कुवर राणाजी— १

(६८) पुर्व जाच— १
१९०२ साल कुमेदान सिवदल षडका— १

(६९) पोस(सा) क् कोठा— ४
१९०१ साल सर्दार रणभद्र वस्न्यात्— १
१९०३ साल सर्दार रविध्वज अधिकारि— १
१९०६ साल एँ एँ— १
१९०७ साल एँ एँ— १

(७०) मैन भन्सार— १
१९०८ साल जिम्मा धिर्जविर— १

(७१) त्रीपुरेश्वरका गुठि— २
१९०७ साल वक्तवार— १
१९०८ साल एँ एँ— १

(७२) त्रिपुरेश्वरका माहास्नान्— २
१९०७ साल वक्तवार— १
१९०८ साल ऐं ऐं— १
(७३) कौसि तौसाषाना — २
१९०९ साल मार्गवदि १२ रोजदेषी चैत्र सुदी १५ रोजतक्को मार्फत् काजी डिल्लिसि षजांचि शिवप्रसाद ज्मा षर्च— २
(७४) पोषलड्यां सदावर्त — २
१९०७ साल लालसि वैद— १
१९०८ साल ऐं ऐं — १
(७५) पश्चिम् पर्वत् षानी — १
१९०८ साल सुवा कितिवहादूरसि राजभडारि — १
(७६) पालपा तहविल— १
१९०८ साल काजि सिंहविर पाडे — १
(७७) १९०३ साल श्री ५ महाराजाका वनारस सवारी — १
भोटु वस्त्यात षरिदार धिर्जनरसि— १
(७८) गुल्मी षानी— ८
९१ साल सुवा हरिकृष्ण— १
९२ सालदेखि ९४ सालसम्म ऐं ऐं — ३
९६ साल सुवा देवदत्त पाध्या — १
९७ साल ऐं ऐं— १
१९०० साल सुवा लक्ष्मिनारान् पाध्या— १
१९०३ साल ऐं ऐं— १
(७९) सब्जि पल्टन्— ३
१९०४ साल चौतरिया गुरुप्रसाद साह— १
१९०७ साल षर्दार वाका— १
१९०८ साल षर्दार ऐं १
(८०) जिल्लै वारा — २
१९०२ साल हिरालालझा — १
१९०६ साल हिरालालझा — १
(८१) जिल्लै प्रगंन्ना सर्लाहि— १
१९०२ साल हिरालालझा— १
(८२) जिल्लै सप्तरि — १
१९०२ साल हिरालालझा — १
(८३) जिल्लै महुतरि — १
१९०२ साल सुवा हिरालालझा — १
(८४) जिल्लै पर्सा — २
१९०२ साल हिरालालझा— १
१९०६ साल केसव— १

विभिन्न संवत्हरूमध्ये लक्ष्मण संवत् र तिनको सम्बन्ध

–शङ्करमान राजवंशी

एक सूर्योदयबाट अर्को सूर्योदयसम्मको काललाई एक दिन भन्दछन् । प्रत्येक दिनमा एक एक ग्रहको पालो गरी ७ ग्रहको पालो क्रमैले आइत, सोम, मंगल, बुध, बृहस्पति, शुक्र, शनि, हुन्छन् । यी ग्रहको पालोलाई बार भन्दछन् । ७ ग्रहको ७ बारलाई एक हप्ता भन्दछन् । यस्तै चन्द्रमाको कला प्रतिदिन बढ्दै गएर १५ दिनमा पूरा भई पूर्णिमा हुन्छ । फेरि क्रमैले प्रतिदिन चन्द्रमाको कला घट्दै गएर १५ दिनमा समाप्त भई औंसी हुन्छ । यसरी चन्द्रमाको कला बढ्दै गएर पूर्णिमासम्मको काललाई शुक्लपक्ष र चन्द्रमाको कला घट्दै गएर औंसीसम्मको काललाई कृष्णपक्ष भन्दछन् । यी २ पक्षको काललाई एक महीना भन्दछन् । यसै गरी सूर्य ६ महीनासम्म उत्तरतिर सर्दै जाने काललाई उत्तरायण भन्दछन् । त्यसपछि सूर्य ६ महीनासम्म दक्षिणतिर सर्दै जाने काललाई दक्षिणायन भन्दछन् । उत्तरायण र दक्षिणायन गरी २ अयन पूरा हुँदा १२ महीना वित्छन् । त्यसलाई १ वर्ष भन्दछन् । यो वर्षको गणनालाई संवत्बाट व्यवहार गर्दछन् । विभिन्न संवत्को आरम्भ विभिन्न स्थानबाट भएका छन् । जस्तै विक्रम संवत्को आरम्भ हामीकहाँ वैशाख १ गतेबाट लिने गरेको छ । त्यस्तै शक संवत्को आरम्भ चैत्रशुक्ल प्रतिपदाबाट लिने गरेको छ भने नेपाल संवत्को आरम्भ कार्तिक शुक्ल प्रतिपदाबाट लिने गरेको छ । यी कुरा हाम्रो नेपाली पात्रोबाट थाहा हुन्छ ।

यस्तै विभिन्न संवत्को प्रचलन पनि विभिन्न किसिमले भएका छन् । कुनै संवत् महापुरुषको नामबाट चलेका छन् । जस्तै बुद्ध संवत्, इसवी संवत् महापुरुषको नामबाट चलेका हुन् । कुनै संवत् महत्त्वपूर्ण घटनाबाट चलेका छन् । जस्तै कलिगत संवत् महाभारत युद्धपछि श्रीकृष्णको स्वर्गारोहण हुँदा चलेको हो । कुनै संवत् राज्यपरिवर्तनबाट चलेका छन् । जस्तै विक्रम संवत्, शक संवत्, नेपाल संवत् यी संवत् राज्य परिवर्तनबाट चलेका हुन् । संवत्हरूमा सबभन्दा प्राचीन संवत् कलिगत संवत् हो । यो संवत् प्रवृत्तिको बारेमा भागवत तथा विष्णुपुराणमा यसरी वर्णन गरेको छ । जस्तै–

यदैव भगवद्विष्णोरंशोयातो दिवंद्विज ।
वसुदेवकुलोद्भूतस्तदैव कलिरागतः ।।

(विष्णुपुराण ४।२४।५५)

[जब वसुदेवको कुलमा उत्पन्न भएका विष्णुका अंश श्रीकृष्णजी स्वर्गारोहण हुनुभएथ्यो त्यसै वेलादेखि कलियुगको आरम्भ भयो ।]

यही कुरो भागवतमा यसरी वर्णन गरेको छ । जस्तै–

विष्णुर्भगवतो भानुःकृष्णाख्योऽसौ दिवंगतः ।
तदा विशत्कलिर्लोके पापे यद्रमते जनः ।।

(भागवत १२।२।२९)

[देवताका सूर्य भएका भगवान् श्रीकृष्णजी स्वर्गारोहण हुनुभएपछि मानिस पापमा रमाउन लागे । त्यसै वेलादेखि लोकमा कलि पस्यो ।]

कलियुग आरम्भ हुनुभन्दा पहिले द्वापरयुग थियो भन्ने कुरा श्रीकृष्णजीका पालामा लागेको सूर्यगृहणलाई श्रीगणेश दैवज्ञले गणना गरी दिएको भणनामा यसरी भनिएको छ । जस्तै–

द्वापर युग ८६३९९२ वर्ष बितेपछि कलियुग लाग्नुभन्दा ८ वर्ष पहिले विक्रम संवत् पूर्व ३०५२ या तारण संवत्सरमा फाल्गुन कृष्ण औंसी शुक्रबारमा १० घडी दिन चढ्दा सूर्यगृहण लागेको थियो ।

(सिद्धान्त शिरोमणिको टीका)

महाभारत युद्ध भएको समय दक्षिण चालुक्य वंशीराजा पुलकेशी दोस्राका पालाको एहोलको पहाड खण्डमा रहेको अभिलेखबाट थाहा हुन्छ । त्यसमा महाभारत युद्धदेखि ३७५३ वर्ष तथा शक संवत् ५५६ बितेपछि यो मन्दिर बनाइयो भनी लेखेको छ । यसबाट ३७५३–५५६ = ३१९७ शकपूर्व महाभारत युद्ध भएको रहेछ भन्ने स्पष्ट हुन्छ ।

महाभारत युद्धपछि युधिष्ठिरले राज्य गरेका थिए । त्यसैले उक्त कलिगत संवत्लाई युधिष्ठिर संवत् पनि भन्दछन् । त्यो कुरो रत्नदीप नामक ज्योतिष पुस्तकको टीकामा यसरी वर्णन गरिएको छ–

कुरुवंशोद्भवो राजा कुन्तीपुत्रो युधिष्ठिरः ।
वेदवेदाभ्ररामाब्दं ३०४४ स्वंशकं चालयिष्यति ।।
जातेऽधर्मे पुना राजा विक्रमार्को भविष्यति ।
पञ्चत्रिचन्द्रवर्षाणि १३५ स्वं शकं चालयिष्यति ।।
शालिवाहो नृपोनाम शङ्कराराधनेरतः ।

(रत्नदीप टीका)

[कुरुवंशमा पैदा भएका कुन्तीका छोरा राजा युधिष्ठिरको संवत् ३०४४ वर्षसम्म चल्नेछ । त्यसपछि अधर्म भएमा राजा विक्रम हुने छन् । १३५ वर्षसम्म उनको संवत् चल्नेछ । त्यसपछि महादेवको आराधना गर्ने शालिवाह नामक राजा हुनेछन् ।]

भास्वती नामको ज्योतिषग्रन्थमा कलिगत संवत्बाट विक्रम संवत् ल्याउने र विक्रम संवत्बाट शक संवत् ल्याउने रीत यसरी दिइएको छ–

कृतयुगाम्बर वह्निभिरुज्झितो
गतकलिःकिल विक्रमवत्सरः ।
शरहुताशनचन्द्रवियोजितो ।
भवतिशाकइहस्थितिमण्डले ।

(भास्वती)

[कलिगत संवत्मा ३०४४ घटाएपछि विक्रम संवत् हुन्छ । विक्रम संवत्मा १३५ घटाएपछि शक संवत् हुन्छ ।]

यसै गरी सुमतितन्त्र नामक ज्योतिषग्रन्थमा नेपाल संवत्बाट शक संवत् ल्याउने रीत यसरी दिइएको छ–

नेपालसम्वत्सर कर्मभूमौस्थाप्य नयनाभ्रनागा
८०२ संयोज्यं शककालम्भवति ।

[नेपाल संवत्मा ८०२ जोड्नू शक संवत् हुन्छ ।]

यी ४ थरी संवत्को उल्लेख पाटन सुन्धाराको धर्ममल्लका पालाको शिलाभिलेखमा गरिएको छ । ती संवत् क्रमशः यसरी दिइएको छ–

कलिगत संवत् ४५०५ विक्रम संवत् १४६१ शक संवत् १३२६ नेपाल संवत् ५२४ ।

यसबाट पनि ती संवत्हरूको सम्बन्ध तथा अन्तर कति कति रहेछ भन्ने कुरा थाहा हुन्छ । जस्तै –

कलिगत संवत् र विक्रम संवत्को अन्तर
= ४५०५ – १४६१ = ३०४४
कलिगत संवत् र शक संवत्को अन्तर
= ४५०५ – १३२६ = ३१७९
कलिगत संवत् र नेपाल संवत्को अन्तर
= ४५०५ – ५२४ = ३९८१

विक्रम संवत् र शक संवत्को अन्तर
=१४६१ – १३२६=१३५
विक्रम संवत् र नेपाल संवत्को अन्तर
=१४६१ – ५२४=९३७
शक संवत् र नेपाल संवत्को अन्तर
=१३२६–५२४=८०२

महात्मा बुद्धको निर्वाण भएपछि उनको नामबाट चलेको संवत्लाई बुद्ध संवत् भन्दछन् । यी संवत्का बारेमा विभिन्न विद्वान्हरूको विभिन्न मत छ । सिलोनमा बुद्ध संवत् इ. पू. ५४४ मा आरम्भ भएको भनी मानेको छ त केन्टनमा इ. पू. ४८९ मा आरम्भ भएको भनी मानेको छ । विन्सेन्टस्मिथले चाहिं इ. पू. ४७८ मा आरम्भ भएको भनी मानेको छ । हाम्रो हेवज्रप्रकाश नामक प्राचीन हस्तलिखित ग्रन्थमा पनि बुद्ध निर्वाण भएको कुरा उल्लेख भएको पाइएको छ सो यस प्रकार छ—

भगवति शाक्यसिंहपरिनिर्वृतिशत १८०० वर्ष
११ मास ४ दिवस ५ शकान्ना (शकाब्दा)
११९४ भाद्र (दि) ने १४ लिखितमिदं ।

[श्री हेमराज शाक्य र श्री तुलसीराम वैद्यद्वारा संपादित मिडिएभल नेपाल, २२ पृष्ठ]

[भगवान् शाक्यसिंह परिनिर्वाण भएको १८११ वर्ष ४ महीना ५ दिन जाँदा शाके ११९४ भाद्र महीना १४ गतेका दिन 'हेवज्रप्रकाश' लेखियो ।]

यसबाट १८११ – ११९४=६१७ शकपूर्व अर्थात् इ. पू. ५३९ मा बुद्ध निर्वाण भएको भन्ने थाहा हुन्छ । यसरी सिलोनमा मानिआएको बुद्ध संवत् र यो हेवज्रप्रकाश नामक पुस्तकबाट थाहा भएको बुद्ध संवत्मा ५ वर्ष फरक भएको छ ।

इसामसीहको नामबाट चलेको संवत्चाहिं इसवी संवत् हो । सो इसवी संवत्बाट विक्रम संवत् ल्याउने रीत पञ्चाङ्गविज्ञान नामक ज्योतिष पुस्तकमा यसरी दिइएको छ—

इस्वीयसनाब्देषु क्षेप्यः सप्तशरस्तथा ।
सम्वत्सरपरिज्ञानं सुखेनैव प्रजायते ।।
(पञ्चाङ्ग विज्ञान)

[इसवी संवत्मा ५७ जोड्नू सजिलैसित विक्रम संवत् आउँछ ।]

तब विक्रम संवत्=इसवी सं.+५७
इसवी संवत्= वि. सं.–५७

यसबाट इसवी संवत्मा ५७ जोडे विक्रम संवत् हुने र विक्रम संवत्मा ५७ घटाए इसवी संवत् हुन्छ भन्ने थाहा भयो । यसैबाट इसवी संवत् र शक संवत्को संबन्ध यसरी जान्न सकिन्छ ।

विक्रम संवत्=शक सं. + १३५
इसवी संवत्=(शक सं.+ १३५)–५७
इसवी संवत्=शक सं. +७८

यसबाट शक संवत्मा ७८ जोडे इसवी संवत् हुन्छ भन्ने थाहा भयो । यसै गरी नेपाल संवत् र इसवी संवत्को संबन्ध पनि जान्न सकिन्छ ।

इसवी संवत्=वि. सं.–५७
= (ने. सं.+९३७)–५७
= ने. सं.+८८०

यसबाट नेपाल संवत्मा ८८० जोडे इसवी संवत् हुन्छ भन्ने थाहा भयो । यो इसवी संवत् जनवरी १ तारीखमा फिर्दछ । जनवरी १ तारीख हाम्रो पौष १६, १७ गतेतिर पर्दछ । नेपाल संवत्चाहिं त्यो भन्दा अगाडि नै कार्तिक शुक्ल प्रतिपदामा फिर्ने हुँदा कार्तिक शुक्ल प्रतिपदादेखि पौष १६, १७ गते भित्रको मिति भएमा नेपाल संवत्मा ८७९ जोडे इसवी संवत् हुने भयो ।

हाम्रो प्राचीन हस्तलिखित ग्रन्थहरूमा लक्ष्मण संवत्को पनि उल्लेख पाइएको छ । त्यो लक्ष्मण संवत् राजा लक्ष्मणसेनको नामबाट चलेको हो । यो लक्ष्मण संवत्बारेमा पनि विभिन्न विद्वान्हरूको विभिन्न मत छ । एक थरी विद्वान्को मतमा यो लक्ष्मण संवत्, लक्ष्मणसेनको मृत्यु वर्ष वि. सं. १२६१ बाट चलेको मान्दछ । अर्को थरी विद्वान्को मतमा यो संवत् लक्ष्मणसेनको जन्म वर्ष वि. सं. ११८० बाट चलेको मान्दछ । त्यस्तै अर्को थरी विद्वान्को मतमा लक्ष्मणसेनको

राज्यच्युत भएको वर्ष वि. सं. १२५६–५७ बाट चलेको मान्दछ ।

अहिले प्राचीन हस्तलिखित प्रज्ञापारमिता ग्रन्थको पुष्पिकामा लक्ष्मण संवत् ६७ मार्गवदि ५ रविवार भनी उल्लेख भएको पाइएको छ । यो मिति श्रीज्ञानमणि नेपालले गणनाको लागि दिनुभएको हो । यहाँ मितिमा बारको उल्लेख भएको हुनाले गणना गरी हर्ने आधार भयो । तब सर्वप्रथम मृत्यु वर्ष वि. सं. १२६१ लाई लिई लक्ष्मण संवत् ६७ मार्गवदि ५ रविबारको गणना गर्दा अमान्तमानबाट सोमबार आयो । पूर्णान्तमानबाट गन्दाचाहिं शनिबार आयो र मिलेन ।

अब जन्म वर्ष वि. सं. ११८० लाई लिई लक्ष्मण संवत् ६७ मार्गवदि ५ रविबारको गणना गर्दा अमान्तमानबाट गन्दा सोमबार आयो, पूर्णान्तमानबाट गन्दाचाहिं शनिबार आयो र मिलेन ।

अब राज्यच्युत वर्ष वि. सं. १२५६ लाई लिई लक्ष्मण संवत् ६७ मार्गवदि ५ रविबारको गणना गर्दा अमन्तमानबाट विहीबार आयो, पूर्णान्तमानबाट गन्दा बुधबार आयो र मिलेन । अथवा राज्यच्युत वर्ष १२५७ लाई लिई लक्ष्मण संवत् ६७ मार्गवदि ५ रविबारको गणना गर्दा अमान्तमानबाट शुक्रबार आयो, पूर्णान्तमानबाट गन्दा बुधबार आयो र मिलेन ।

फेरि अर्को हस्तलिखित ग्रन्थको पुष्पिकामा पनि लक्ष्मण संवत्को उल्लेख पाइएको छ । त्यो हो हरप्रसाद सूची प्रथम भागको २५ पृष्ठमा प्रकाशित वीरपुस्तकालय प्रथम लगत नं. ८६७ को मैथिलाक्षरको महाभारत भन्ने पुस्तकको पुष्पिका । त्यसमा यसरी उल्लेख भएको छ–

ल. सं. ४१२ कार्तिक शुक्ल षष्ठ्यां गुरौ दिने कृष्णपल्ली ग्रामे परमभागवत मर्यादासिन्धु ठक्कुर श्रीमखाय (?) महाणयानाजाज्ञया ··· लिखितमिदं मोक्षधर्म्म पुस्तक मिति । संवत् ७६७ पौष शुक्ल द्वितीय पञ्चम्यां तिथौ ए दिने महाराजाधिराज श्री श्री जय प्रतापमल्ल देवेन राजधर्म्ममोक्षधर्म्म पारायण····· कृतः । पञ्चदशदिनाभ्यन्तरे सम्पूर्ण कृतः ।

[लक्ष्मण संवत् ४१२ कार्तिक शुक्ल षष्ठी तिथि बृहस्पतिबारको दिन कृष्णापल्ली नामक गाउँमा परम भागवत मर्यादा सिन्धु ठाकुर श्रीमख महाशयको आज्ञाले यो मोक्षधर्म पुस्तक लेखियो । ने. सं. ७६७ द्वितीय पौष शुक्ल पञ्चमी तिथिको दिनमा महाराजाधिराज श्री श्री जयप्रतापमल्ल देवले राजधर्म-मोक्षधर्म पुस्तक पारायण अर्थात् रुजू गरियो । १५ दिनबाद रुजू पूरा गरियो ।]

यहाँ लक्ष्मण संवत् र नेपाल संवत् उल्लेख भएको छ । नेपाल संवत ७६७ पौष शुक्ल पञ्चमीमा राजा प्रतापमल्लले उक्त राजधर्म मोक्षधर्म पुस्तक रुजू गरी १५ दिनमा रुजू पूरा गरे भनी लेखेको स्पष्ट छ । यसरी रुजू गर्नलाई नै १५ दिन लागेको पुस्तक लक्ष्मण संवत् ४१२ ने. सं. ७६७ कार्तिक शुक्ल षष्ठीमा लेखेको भन्नु संभव हुँदैन । तब लक्ष्मण संवत् ४१२ ने. सं. ७६६ कार्तिक शुक्ल षष्ठीमा लेखेको हुनुपर्छ भन्ने अनुमान हुन्छ । त्यस अनुमान अनुसार लक्ष्मण संवत् ४१२ ने. सं. ७६६ कार्तिक शुक्ल षष्ठी बृहस्पतिबारको गणना गरी हेर्दा उक्त दिन बृहस्पतिबार मिल्न आयो । सो गणना यस प्रकार छ—

ल. सं. ४१२ ने. सं. ७६६ वि. सं. १७०२ शक सं. १५६७ कार्तिक शुक्लपक्ष

तिथि	वार	घडी	पला	कार्तिक मन्दस्यष्ट सूर्य
६	बृहस्पति	१	५७	१६ गते ६।१४।१७

यसबाट लक्ष्मण संवत् र शक संवत्को अन्तर १५६७–४१२=११५५ भन्ने देखियो । तदनुसार उपर्युक्त अघिल्लो पुष्पिकामा उल्लेख भएको लक्ष्मण संवत् ६७ मार्गवदि ५ रविबारको गणना गरी हेर्दा पूर्णान्तमानबाट बुधबार आयो । अमान्तबाट चाहिं शुक्रबार आयो र मिलेन । लक्ष्मण संवत् र शक संवत्को अन्तर ११५४ मानी गणना गरी हेर्दाचाहिं मिल्न आयो । सो गणना

यस प्रकार छ–

ल. सं. ६७ ने. सं. ४२० वि. सं. १३५६ शक १२२१ मार्ग कृष्ण पक्ष

तिथि	वार	घडी	पला	पौष	मन्दस्यष्ट सूर्य
५	आइत	२८	६	१७ गते	८।१६।४५

यसबाट के थाहा भयो भने लक्ष्मण संवत् मार्गशिरादि रहेछ भन्ने थाहा भयो । किनभने लक्ष्मण संवत् मार्गमा फिरिसक्ने हुनाले लक्ष्मण संवत् र शक संवत्को अन्तर यहाँ ११५५ नभई ११५४ भएको हो भन्ने सिद्ध हुन आयो । मार्ग शुक्ल प्रतिपदादेखि चैत्रशुक्ल प्रतिपदाभित्रको मिति भएमा लक्ष्मण संवत् र शक संवत्को अन्तर ११५४ हुन्छ अन्यत्रको मिति भएमा लक्ष्मण संवत् र शक संवत्को अन्तर ११५५ हुन्छ ।

यस्तै विक्रम संवत् र लक्ष्मण संवत्को अन्तर मार्गशुक्ल प्रतिपदादेखि वैशाख संक्रान्ति नआएसम्म १२८९ हुन्छ । त्यसपछिको मिति भएमा विक्रम संवत् र लक्ष्मण संवत्को अन्तर १२९० हुन्छ ।

नेपाल संवत् र लक्ष्मण संवत्को अन्तर कार्तिकशुक्ल प्रतिपदादेखि मार्गशुक्ल प्रतिपदाभित्रको भए ३५४ हुन्छ । अन्यत्र लक्ष्मण संवत् र नेपाल संवत्को अन्तर ३५३ हुन्छ । कारण लक्ष्मण संवत् फिर्नुभन्दा पहिले नेपाल संवत् फिरिसक्ने हुनाले हो । यो कुरो माथिको गणनामा दिइएको मितिबाट थाहा हुन्छ ।

कार्तिकशुक्ल षष्ठीको मिति अनुसार लक्ष्मण संवत्संग नेपाल संवत्, विक्रम संवत्, शक संवत्को सम्बन्ध निम्न प्रकारका भए । जस्तै—

ल. सं. ४१२ ने. सं. ७६६ अन्तर=३५४
ल. सं. ४१२ वि. सं. १७०२ अन्तर=१२९०
ल. सं. ४१२ शक सं. १५६७ अन्तर=११५५

मार्ग कृष्णपञ्चमीको मिति अनुसार लक्ष्मण संवत्संग नेपाल संवत्, विक्रम संवत्, शक संवत्को सम्बन्ध निम्न प्रकारका भए । जस्तै—

ल. सं. ६७ ने. सं. ४२० अन्तर=३५३
ल. सं. ६७ वि. सं. १३५६ अन्तर=१२८९
ल. सं. ६७ शक सं. १२२१ अन्तर=११५४

यसरी लक्ष्मण संवत्को निर्णय हुन आएको छ ।

गमगढीको एउटा रोचक संस्कार

-जीतबहादुर मानन्धर

जागीरे जीवनले मलाई भ्रमणशील बनाएको हो। यस्तो भन्दैमा मैले आफूलाई धेरै डुलुवा व्यक्तिको रूपमा परिणत गरेको र मैले धेरै मुलुक घुमेको भन्न खोजेको होइन। बरु डाँडाकाँडाले पूर्ण हाम्रो देशका पचहत्तरै जिल्ला घुम्ने मनसुवालाई भने मैले आफू भित्रभित्रै तीव्र पार्दै लगी शौखको रूपमा विकसित पारेको चाहिं पक्कै हो। त्यही शौखको सिलसिलामा वि. सं. २०४३ सालमा कर्णाली अंचलका जुम्ला र मुगु तथा वि. सं. २०४४ सालमा जाजरकोट, रुकुम, अछाम, दैलेख र सुर्खेत जिल्लाहरूमा गरिएको भ्रमणका संस्मरणहरू अहिलेसम्म पनि स्मृतिकै दायराभित्र रहेकालछन्। अछामबाट दैलेख भई सुर्खेत आउँदा बाटामा परेका थलाहरूको वातावरण भ्रमणको बखत बौद्ध संस्कृतिबाट प्रभावित जस्तो प्रतीत भएको थियो। कारण, अछाम जिल्लाको विनायक पञ्च देवलका देवालयहरूका अगाडितिर ढुंगामा "श्री यक्षमल्ल देवस्य परिवार चिरन्जयतु आत्म हीतार्थ एकता र सतपुरुष जैराजप्रसाद कराया साके १२०२ सुत्रधार नाग देव नाम कमायो"[1] भन्ने अक्षरहरूका साथै एउटा देवालयअघि 'ॐ मणि पद्मे हुँ' उत्कीर्ण गरिएको पाइएको छ। फेरि, दैलेख जिल्लाको पादुका स्थानमा रहेको शिलास्तम्भको बुद्ध मूर्तिको मुन्तिर 'ॐ नमो बुदाय श्री अशोक मल्ल देव चिरंजयतु साउना कार्की साउना कर्कोनीको देवले', दैलेखकै दुल्लुकोट भन्ज्यांगस्थित पृथ्वीमल्लको कीर्तिस्तम्भको अभिलेखको शुरूमा "ॐ मणि पद्मे हुँ" र दुल्लु सात खम्बानेरको पाथरनाउलीमा पनि 'ॐ मणि पद्मे हुँ, अभिलिखित हुनुको अतिरिक्त सुर्खेत कांक्रेविहारमा रहेका भग्नावशेषका थुप्राहरूमा कैयौं बुद्धका तथा अन्य सुन्दर शिलामूर्तिहरू त्यसै पडिरहेका हुँदा 'ॐ मणि पद्मे हुँ' नै सर्वत्र गुन्जिरहेको आभास जो कसैलाई पनि हुन सक्छ।

अहिंसाका प्रवर्तक बुद्ध र बौद्ध धर्मबाट प्रभावित तथ्यबारे माथि भनिए जत्तिमै सीमित रही अहिंसाको ठीक विपरीत विषयमा चर्चा गर्न २०४३ सालमा गरेको मुगु जिल्लाको भ्रमण अनुभवलाई आंशिक रूपमा यहाँ प्रस्तुत गरिन्छ। त्यस पटकको भ्रमणले मलाई चौधै अञ्चलमा पाइला टेक्ने मानिस तुल्याएको र देशको सबभन्दा ठूलो तालको दर्शन गराएको त सदाको लागि चिरस्मरणीय घटनाको रूपमा रहने कुरा छँदैछ। साथै जुम्लाको ट्रेड स्कूलबाट हिंडी दोस्रो दिन बिहानको भात खान पुग्ने गरी मुगुको सदर मुकाम गमगढी पुगेको, पुगेको दिन विहान र बेलुकी तथा भोलिपल्ट बिहान गढी

१ हरिभक्त बजगाईं– "पञ्च देवल (विनायक)", हाम्रो प्रयास, प्रकाशक अछाम सांस्कृतिक संघ, अछाम; पृष्ठ १२।

छोडी रारातर्फ लाग्नुअघि पनि पाहुना लागेकोलाई अहिले पनि कृतज्ञताको कारण बिसिइएको छैन ।

गमगढी पुगेको बेलुका जिल्ला शिक्षा अधिकारी श्री दिलराज उपाध्यायकहाँ खाना खाँदै गरेको छलफल भने मलाई अहिले पनि बराबर आफ्नो जातीय परिवेशमा सम्झना भएर आउँछ । त्यसबेला मुगु जिल्लाका भूतपूर्व माननीय श्री तेजबहादुर भामका छोरा श्री प्रवेश भामले बलि दिएको बोका र समाजमा काटेको बोकाका अङ्ग प्रत्यङ्गहरूको वितरण सम्बन्धमा गम भेकका प्रचलित रीतिथितिबारे विशद चर्चा गर्नु भएको थियो । वहाँको अनुसार बलि दिएकोमा सिगै टाउको धामीलाई र दाहिने सपेटा डाँग्री पूजारी अर्थात् धामीको सहायकलाई दिनु पर्ने रहेछ । तर लोक संस्कृति विषयक एक पुस्तक[२]मा भने "मेरो चार दाना लैजा (अर्थात् बतासको लुगा बनाएर पानीको सामल बनाएर भए पनि म पाल्ने छु) भनी उक्त आश्वासन र केही अक्षता दिएर त्याउँछ। सिके पाठो पनि डाँग्रेले काट्छ र यसको दाहिने खुट्टो, फोक्सो र कलेजो मष्टाको थानभित्रै राखेर बाँकी उक्त व्यक्तिलाई फर्काएर दिन्छ । उक्त सिक चढाउन जाने मान्छेले गाउँमा गै सबै जचौरी परिवारहरूमा सिके पाठाको मासु र उक्त "चार दाना" (अक्षता) बाँडेर दिन्छ ।" भन्ने उल्लेख भैरहेको पाइन्छ ।

जहाँ जस्तोसुकै चलन भए पनि बलिसम्बन्धी माथि उल्लिखित कुरामा मलाई त्यति चाख लागेन । तर त्यहाँ फर्माइशमा काटेको बोका वा भेडा च्यांग्राको ह्याकुलो, गिदी, जिब्रो, कलेजो र रक्ती सबै मिली समाजमै बसी खाने र अन्य केही अङ्ग प्रत्यङ्गहरू मानिसहरूलाई मर्यादा क्रमानुसार बाँड्ने, बाँडी खुवाउने अर्थात् "मांस हाड गर्ने" भन्ने भनाइले मलाई अत्यन्त प्रभाव पारेको थियो । समाजमा काटेको जीवका अङ्ग प्रत्यङ्गहरू बाँड्ने सिलसिलामा त्यहाँ क्रमागत रूपमा दाहिने आँखा, देब्रे आँखा, दाहिने कान, देब्रे कान, दाहिने च्यापु, देब्रे च्यापु, दाहिने थोली (मुख), देब्रे थोली, दाहिने घुँडी गाँठो, देब्रे घुँडी गाँठो, दाहिने बल्लेठो, देब्रे बल्लेठो, दाहिने खुरको दाहिने भाग, दाहिने खुरको देब्रे भाग, देब्रे खुरको दाहिने भाग र देब्रे खुरको देब्रे भाग पर्ने गरी भाग लाउँछन् । समाजका प्रतिष्ठित व्यक्ति, मान्यजन, पाहुनाको मर्यादा, उमेरको ज्येष्ठता आदि तथ्यलाई ध्यानमा राखेर मात्र मांस हाड गर्ने चलन छ भन्ने सुन्दा नेवार समुदायमा प्रचलित सीकाः भूलाई झलझली सम्झें । साथै बंगलादेशको एक भागमा भ्रमण गर्दा मलाई मुख्य अतिथि मानेर माछाका विभिन्न परिकारका साथ राखिएको सबभन्दा ठूलो माछाको टाउको नै खान आग्रह गरिएको घटना समेत स्मृति पटलमा ताजा भएर आयो । मैले आतिथ्य स्वीकार गरी बेलुका खान गएको गमगढीको त्यस घरमा पनि उही दिन एउटा च्यांग्रो काटेको रहेछ । तर त्यस घरको मूली जागीरको सिलसिलामा मात्र त्यहाँ पुगेको काठमाडौं-का एक ब्राह्मण हुँदा वहाँमा मांस हाड र सीकाः भू दुवैको प्रभाव पटक्कै परेको थिएन ।

सीकाः भू (सीला कायगु ध्वय्) भनेको बलि दिइसकेको जीवका अङ्ग प्रत्यङ्गहरू बाँडी खाने एक प्रकारको तान्त्रिक भोज हो । त्यसमा एकपछि अर्को प्रक्रिया क्रमबद्ध रूपले सम्पन्न पारिनु पर्ने विधान हुँदा बलि (चौपाया वा दोपाया) को पूजा, बलि बध गरिने विधि, बलि दिइसकेपछि गरिने पूजा, बलिको अङ्ग प्रत्यङ्ग बाँडी खाने र सबभन्दा पछि कलः वायगु (कलङ्क फाल्ने) कार्य नगरी पूर्णता आएको मानिन्न । तान्त्रिकतापूर्ण सीकाःभूलाई गमगढीको प्रचलनसित तुलना गरेर कहीं उपहास गर्ने खोजेको त होइन भन्ने भनाइ समेत कसै कसैको हुन सक्छ । तर मेरो विचारमा देवतुल्य भई सीलिई भोज खाने र बलि दिइसकेको जीवलाई तार्ने शक्ति ह्रास हुँदै गइरहेको आजको युगमा पनि तन्त्रबाट निसृत यस भोजनले समाजमा मानिसको ज्येष्ठता वा वरिष्ठताको सम्मान गर्ने व्यावहारिक पक्षलाई भने अङ्गीकार गर्न

---

२ विहारीकृष्ण श्रेष्ठ– "कर्णाली लोक संस्कृति (खण्ड ३) जनजीवन (दियार गाउँका ठकुरीहरू)" नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, नेपाल; वि. सं. २०२८; पृष्ठ १००।

छाडेको छैन ।

प्रो. डा. गोपाल सिंह नेपालीका अनुसार सीका: भूको बखत पुरोहितलाई थुतुनो, गुठीका थकाली (जेठा) लाई दायाँ आँखा, नोकुली (माहिला)लाई देब्रे आँखा, स्वकुली (साहिला)लाई दाहिने कान, प्येकुली(काहिला) लाई देब्रे कान, न्याकुली (ठाहिला) लाई तल्लो दायाँ बङ्गारा, खुकुली (राहिला) लाई तल्लो बाँया बङ्गारा र न्हेकुली (अन्तरे)लाई जिब्रो दिने गर्दछन् ।[3] त्यस्तै प्याङ्ग गाउँको बोसिकार थरका परिवारले देवालीमा मनाएको सीका: भ्वयमा थकालीले दाहिने थुतुनो, नोकुले देब्रे थुतुनो, सोकुले दायाँ आँखा, प्येकुले देब्रे आँखा, न्याकुले दाहिने कान, खुकुले देब्रे कान, न्हेकुले तल्लो दाहिने बंगरा र क्याकुले (अन्तरे) तल्लो देब्रे बङ्गरा पाएको दृश्य प्रत्यक्षत: देखेको चर्चा एक विदेशी विद्वान् अनुसन्धानकर्ताले गर्नु भएको छ ।[4] तर यस चर्चा सम्बन्धमा अलि शंका लागेको फलस्वरूप हालै मात्र माथि उल्लिखित गाउँमा गई विदेशी विद्वान्ले अध्ययन गर्नु भएको परिवारका सदस्यहरू पत्ता लगाई सोधपूछ गर्दा न्हूछेमान स्वर्गे भइसकेको, फलमान र बौद्ध नामक व्यक्तिहरू क्रमश: पहलमान र बुद्ध भएको र बुद्धको खलक भने हाल छुट्टिइसकेको भन्ने ज्ञात भयो । यी तथ्यहरूभन्दा पनि महत्त्वपूर्ण कुरो त धान्य पूर्णेको दिन देवाली मनाउने र आफूलाई महर्जन भन्न रूचाउने बसिकार जातका उक्त परिवारमा पनि सीका: भ्वय् गर्दा विद्वान् अनुसन्धानकर्ताले उल्लेख गर्नु भए झैं नगरी थकालीलाई दायाँ आँखा, नोकुलाई बायाँ आँखा, स्वकुलाई थुतुनो, प्येकुलाई दायाँ कान, न्याकुलाई देब्रे कान, खुकुलाई जिब्रो, न्हेकुलाई तल्लो दायाँ बङ्गरा र च्याकुलाई तल्लो बायाँ बंगारा दिने तथ्य अवगत हुन आएको छ । साथै, आफूले अध्ययन गरेको बखत थकालीदेखि च्याकुलीसम्मका व्यक्तिहरूका नाम नामेसीमा क्रमश: बुद्धिबहादुर, पहलमान, न्हूछेलाल, देशी, यमी, तीर्थ, अठार र कान्छा परेको पाइयो ।

सीका: भू सम्बन्धमा ललितपुर न्याखाचोक बस्ने श्रीनमीराज बज्राचार्यसंग बुझ्दा थकालीलाई दाहिने आँखा, नोकुलाई देब्रे आँखा, सोकुलाई दाहिने कान, प्येकुलाई देब्रे कान प्रदान गरेपछि पुरोहितलाई थुतुनो दिने, तदुपरान्त न्याकुलाई तल्लो दाहिने बङ्गरा, खुकुलाई तल्लो देब्रे बङ्गारा र न्हेकुलाई जिब्रो दिने विधिविधान भएको जानकारी प्राप्त भयो । ललितपुर जिल्लाकै बडिखेल गाउँ पञ्चायतमा बसोबास गर्ने पै (पहरी) जातका एक व्यक्तिको भनाइ अनुसार तिनीहरूको समाजमा पनि सीका: भू गर्ने चलन छ । तर पहरीहरू ज्येष्ठताको मर्यादानुकूल पहिलोदेखि चारौंसम्मलाई मात्र क्रमागत रूपमा दाहिने आँखा, देब्रे आँखा, दाहिने कान र देब्रे कान दिने गर्दछन् । सोधपुछकै सन्दर्भमा बनेपा निवासी एकजना मानन्धरले बताउनु भएको क्रममा दायाँ आँखा, बायाँ आँखा, दायाँ कान, बायाँ कान, थुतुनो, जिब्रो, तल्लो दायाँ बङ्गारा, तल्लो बायाँ बंगारा र पुच्छर (बलि वा भोग दिनेलाई) पर्दछन् । नेवारी समाज अन्तर्गत भिन्न–भिन्न ठाउँका र भिन्न–भिन्न जातका मानिसहरूमा भिन्न–भिन्न प्रकारले सीका: भू गर्ने चलन भए तापनि सीका: भूमा प्रयुक्त आठ अङ्गले अष्ट-मातृकाको प्रतिनिधित्व गर्ने गरेको जस्तो देखिंदा कौतुहलवश इङ्गलिश डिक्शनरी[5] अध्ययन गर्दा । त्यसमा जेष्ठताको क्रमबद्धता मिलाई वितरण गरिने बलिका अङ्ग प्रत्यङ्गहरूको सिलसिलेवार निम्न बमोजिम दिइएको पाइयो । दायाँ आँखा, बायाँ आँखा, दायाँ कान, बायाँ कान, थुतुनो र जिब्रो ।

---

३ ड. गोपाल सिंह नेपाली– "द नेवार्स"; यूनाइटेड एशिया पब्लिकेशन्स, बम्बई १; प्रथम आवृति सन् १९६५ जनवरी; पृष्ठ ३९५

४ गेरहार्ड टोफ्फीन– "Le Si Ka Bheay, Festin de la Tete, Chez Les Newar "नेवार जातिले मनाउने सीका भ्वय"; कैलाश, भोलम ४, संख्या ४; पृष्ठ ३३० ।

५ ठाकुरलाल मानन्धर– "नेवारी इङ्गलिश डिक्शनरी"; डा. एनी भर्गाटीद्वारा सम्पादित; अगम कला प्रकाशन, दिल्ली, सन् १९८६, पृष्ठ २६३ ।

मेरो आफ्नै टोलका गुठीहरूमा भने रांगा, बोका आदि चौपाया बलि दिएमा तिनीहरूको अङ्ग प्रत्यङ्ग-हरूको वितरण थकालीलाई दायाँ आँखा, नोकुलीलाई बायाँ आँखा, स्वकुलीलाई दायाँ कान, प्येकुलीलाई बायाँ कान, बज्राचार्य पुरोहितलाई थुतुनो, न्याकुलीलाई जिब्रो, खुकुलीलाई तल्लो दायाँ बङ्गरा र न्हेकुलीलाई तल्लो बायाँ बङ्गरा पर्ने गरी गर्ने तथा हाँस वा कुखुरा बलि दिएमा टाउको थकालीलाई, दायाँ पखेटा नोकुलीलाई, बायाँ पखेटा स्वकुलीलाई, दायाँ खुट्टा प्येकुलीलाई र बायाँ खुट्टा न्याकुलीलाई दिने गरिआएको देखिन्छ । तर नासः पूजा (नृत्यनाथको पूजा) सम्बन्धी गुठीमा भने उमेरले जेठो, कान्छो भन्ने जेष्ठताको आधारलाई वास्ता नगरी दाफा भजनका विभिन्न बाजा बजाउन सक्ने, ताल सुर बुझ्ने, राग थाहा पाउने, गाना गाउन जान्ने आदि मापदण्ड अपनाई वरिष्ठता निर्धारण गरी क्रमागत रूपमा दाहिने आँखा, देब्रे आँखा, दाहिने कान, देब्रे कान, थुतुनो, जिब्रो, तल्लो दाहिने बङ्गरा र तल्लो देब्रे बङ्गरा दिने गरेर सीकाः भूको माध्यमद्वारा संगीत, कला कौशल र सीपको सम्मान गर्ने गरेको पाइन्छ । संभवतः वाक्य पढ्नमा तल्लीन हुनु पर्ने भएकोले नै होला विभिन्न गुठीहरूमा पुरोहितलाई थुतुनो दिने चलन भएको । हाम्रो नासः पूजामा भने गुरुज्यूको आवश्यकता नपर्ने हुनाले थुतुनो टोलका कजि (नाइके) वा भोजका प्रबन्धकलाई दिने प्रचलन विद्यमान छ ।

कर्णाली अञ्चलको दुर्गमस्थानको एउटा संस्कार-लाई केही अघि सार्न खोज्दा समेत काठमाडौं उपत्यका र आफ्नो समुदाय सम्बन्धमा धेरै कुरा गरियो । गमगढी नपुगेसम्म पुग्ने प्रबल अभिरुचि राख्ने र पुगेपछि भने त्यहाँ बस्न मन नलगाई छिट्टै घर फर्कन चाहने मेरो मनको स्वाभाविक प्रतिबिम्बको रूपमा यस पंक्तिलाई पनि लिन नसकिने होइन । साथै आग्राको कुरा गाग्रामा गरेको भनेमा पनि तत्सम्बन्धमा मलाई केही भन्नु छैन । कारण, वर्तमान परिप्रेक्ष्यमा त मांस हाड विषयमा यो भन्दा धेरै लेख्ने सामर्थ्य नभएकोमा भने म कायल नै छु । तर माथि उल्लिखित विवरणहरूको आधारमा के भन्न सकिन्छ भने उमेर वा ज्ञान मानमर्यादाको दृष्टिले ज्येष्ठ ठहरिएको-लाई नै दायाँ आँखा वा टाउको खुवाई अरूहरूलाई अरू अङ्ग प्रत्यङ्गहरू दिई सम्मान गर्ने चलन नेपालीहरूको बीच एक लोकप्रिय संस्कार हो ।

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

२१ दुस्मनसंग लडाई गर्दा दुस्मनका मुलुकको वाटाघाटा गाउ सहर फौज वासको थाहा नभया आफनु होसियारी रहंदैन भन्या तजवीज गरि जगा जगामा जांचन पठाई लेखि ल्याया का वाटा घाटा गाउ सहर फौजवासकोसको तपसिल–

नेपालदेखि केरुको वाटोगरि टिगरि किल्ला जान्या वाटो–

वास

१ काठमाडौदेखि ग्रह्मडि नव्रापौवा कोस– ६

२ नव्रापौवादेखि धैवु पौवा ७ कोसमा वास पर्छ नया पौवा देखि १। कोस वह्रालोगै सिंधुन्या खोलावाट व्यासि १ कोसगै तादि पोलाको दुगा तरि वर्तारवाट साघुपुगी त्रिशूलगंगा वाउपारि गै वेह्रावतिका झोलंगा तरि आधाकोश उकालोगै धैवु पौवामा वासकोस– १३

३ धैवुंदेखि ग्रा ५ कोसमा वास पर्छ धैवुंको उकालो २ कोस चढि तेर्छो आधा कोसगै सानु पहन्या तरि दमसिलोह कालो १ कोश चढि कमात्या गढ पुगी तेर्छो पाउ भर गै ठाडै वह्रालो पाउ भरगै फेरि तेर्छो १।। कोसगै. ग्रामावास पर्छ कोस– १८

४ ग्रांवाट घुंच्या ४ कोसमा वास पर्छ दम्सिलो उकालो चढि वनै वनगै षहन्यातरि थौरै उकालो चढि धुंच्यामा वास पर्छ कोस– २२

५ धुंच्यावाट स्याफ्रु ३।। कोसमा पर्छ. धुंच्यावाट पाउ भरगै त्रिशूल गंगाको सांघु तरि ठाडै उकालो विकट सिढि हात ३०।४० हात १।२ जनाले वोकन्या भारि लैजानु हुन्छ घोडा चढि जान हुन्दैन ताहावाट गै नाक्या डांडा काटि ।। कोस तेर्छोगै भार्षु गाउँ पुग्छ भाषुवाट पाउभर वह्रालोगै सानु पहन्या तरि दम्सिलो उकालो पाउभरिगै नाक्या डांडो काटि पाउ भरगै ठाडै वह्राला १ कोसगै झुँगा षोला वाउपारि ढुग्या नपच्याङ।। कोसगै स्याफ्रु खोलाको काठ्यासाघु तरि वास कोस– २५

६ स्याफ्रुदेखि टिमुन्या ४ कोसमा वास पर्छ स्याफ्रुवाट उकालो ढुंग्यान् ।। कोस तेर्छो पच्याङ २ कोसगै पहरोमा ढुंगा चिह्नि ढुंगाकाटि वनाई राष्याको टाढाको गजहात १ होला लमाई हात ३५।४० जसोगै सानु षहन्याको फट्क्या साधुतरि येक षुकिलो ढुंग्यान् उकालो चढि १ हातको सांग्रो वाटो भिरमा तेर्छोगै १ षुकिलो वह्रालि झुगा षोला वाउपारि पच्याङ ढुंग्यान् १ कोसगै टिमन्या गाउंमा वास कोस– २९।। टिमुन्यावाट प्याङफेदि ५ कोसमा वासपर्छ

टिमुन्याबाट वगर ढुंग्यान् १ कोसगै दम्सिलो उकालो र मैदान पाउ भरगै रसुवा षोला वारि होम्रो पारि भोट्याको दोसाध षोलाको काठ्यासाघु १५ हात होला जघार तर्नु हुन्दैन साघुतरि पाउ भरगै पच्याङ वगर २ कोसगै. विकट पहरोमा फलामको किलो ठोकि काठको फल्याक १ हात वित्ताको वाटो झिक्याको हात २५ जानुपर्छ तेतिगै ढुंग्यान वगर डेढ कोसगै प्याङ फेदिमा वास कोस– ३४॥

८ प्याङ फेदिवाट करु कोस ४ मा वास पर्छ पाउ भर उकालो चढि १ कोसवन तेर्छोगै ठाडो षहर्‍याको लोतरिहात ५० को विकट सिढि २ हात गज उकालो तेर्छो पच्याङ १ कोसगै लुकुवादेखि दम्सिलो उकालो पाउभरगै षोलाको काठ्या साघुतरि ॥ कोस उकालो चढि आधा कोस .वह्रालो झरिकेरु पुग्छ केरुको विचमा सानु किल्ला १ छ तेसभित्र ढेवा झुमन २

९ लेषन्या षर्दार १ रहंछन् केरुग्या भोट्या घर ९०० वाकलो गाउं छ कोस ३८॥ केरुवाट थोठाङ ४ कोसमा वास पर्छ टार १॥ कोस षोलाको तिरैतिर वाटगै ॥ कोस वनैवनवाट हिडि फेरि टार १॥ कोसगै षोलाको तिरैतिरवाट आधाकोश गयापछि थोताङ वास पुग्छ कोस– ४२॥

थोताङदेखि मघानसम्म वास ६ मा मंशिरदेखि
चैत्रमैह्नासम्म ठुलो हिउं पर्‍यामा हिउ
नपगर्‍यासम्म वाटो वन्द हुन्छ–

१० थोताङवाट गुन्द्रावास ५ कोसमा वास पर्छ ॥ कोसटारगै साघु तर्‍यापछि पाउ भर ढुंग्यानवाट तेर्छो उकालो वह्रालो ॥ कोशगै ॥ कोश मैदानमा हिडिकाठ्या साघु ढुंग्यान वगर पाउ भरगै सानो उकालो वनैवन वह्रालो उकालो ॥ कोसगै कोस षोलाको तिरैतिरवाट गयापछि ४।५ घरको गाउं १ छ १ कोसका विचमा काठ्यासाघु २ तर्‍या पछि १॥ कोस हिडी गुन्द्रावास पुग्छ कोस– ४७॥

११ गुन्द्रावाट झोगा ५ कोशमा वास पर्छ षोलाको तिरैतिरवाट १ कोसगै काठ्यासांघु पुग्यापछि. षोला दाहिना पारि तिरैतिरगै फेर काठ्यासाघु तरि ॥ कोस षोलावारि गरि. षोलाको तिरैतिरवाट षहर्‍या १ तरि उकालो चढि तेर्छो वाटो हिडि भंज्याङ तरि .वह्रालो झरि २ कोस षोलाको वाउ पारि तिरैतिरगै षहर्‍या स्मेत १॥ कोस हिड्चापछि झोगावास पुग्छ. झोगामाठुलो १ किल्ला छ त्यो किल्ला ३।४ सै हात गज होला ३।४ सै हात लमाई होला तेस्मा ३।४ हातगज १६।१७ हात अग्लो भयाको पर्षालले घेरियाको छ. तेस पर्खालका ६।७ हातभित्र फेरी अर्को पर्षाल लायाको छ तेसकिल्ला भित्र ठाउंठाउंमा विकट घर वनायाको छ तेस किल्लाभित्र ३।४ सै घर होला विचमा सर्कारिया घर पनि छ. तेस घरमा १ ढेवा रहंछन् ८०।९० सिपाहि र प्रजा ८।९ सै वस्याका छन्. षर्षजाना हातहतियार पनि वस्येछ. उन्हरुलाई रसदको भडार पनि छ तेसगढकाभित्र गुंवा १ छ तेस्मा ५०।६० लामा वस्याका छन्. कामपर्दामा तेसढेवाका जिल्ला ५।६ दिनमा वाटोसम्म छ तेस जिल्लाका मानिस उठाई ल्याया ४।५ हजारसम्म होला येस गढ किल्लाकामुनिवाट जानुपर्छ. अर्को वाटो छैन डांडाछलि गयामात्र किल्ला छलिछ रसद पाइदैन– ५२॥

१२ झोगावाट सासि पोषरिको छेउ ५ कोसमा वासपर्छ ॥ कोसगयापछि झोगाका प्रजाहरुको गाउ घर ८ जसो होला ताहावाटगै सानु षोलाको तिरैतिर-वाट ॥ कोसगै उकालो वह्रालो ३ कोसछ लंगुर भन्याको यहिहो ताहावाट षोलाको तिरैतिर ॥ कोस गयापछि पोषरि १ छ ताहावाट ॥ कोसगै सासि पोषरि छेउ वास पुग्छ गाउघर छैन कोस– ५७॥

१३ सासिवासवाट डिकुर वास कोस ६ मा पर्छ

सासिवाट मैदान ।। कोसगै कुलोवाट दम्सिलो मैदान २।। कोसगै ढुंग्यान वगर सानु खोला कोस ३ गयापछि डिकुर वास पुग्छ कोस– ६३।।

१४ डिकुरवाट मघामवास ६ कोसमा पर्छ मैदान ३ कोसगै २ कोस ढुंग्यान कुलाको तिरैतिरवाटगै ढुंग्यान १ कोस गयापछि मघामवास पुग्दछ कोस– ६९।।

१५ मघामवाट दासाङ ५ कोसमा वास पर्छ. मघामवाट १ कोसगै पुरानु विग्याको किल्ला १ छ कोस १ खोलाको तिरैतिरगै १०।१२ घरको गाउ १ छ ताहावाट खोलाको तिरैतिरगै तर्नुहुन्या खोला कोस ३ पाउ मैदान कोस २। गैदासाङ वास पुग्छ कोस– ७४।।

१६ दासाङवाट टिगरिकिल्ला ४ कोसमा वास पर्छ मैदान १ कोस ठाउंठाउंमा भासिन्या १ कोसजसो छ अरुणाको तिरैतिर वाउपारि ।। कोसगै तर्नु हुन्या सानुखोला र ढुंग्यान वाटो ।। कोसगै मैदान १ कोस पुग्यापछि. टिगरि किल्ला वास पुग्छ कोस– ७८।।

(क्रमशः)

ABOUT THE AUTHORS

Mr. Sukra Sagar Shrestha	—Epigraphist, Department of Archaeology,. H. M. G., Nepal.
Mr. Thomas M. C. Pinhorn	—Department of Prehistory, Institute of Archaeology, London.
Mr. Lila Bhakta Munnakarmi	—Research Scholar, Nepal.
Dr. Jagadish Chandra Regmi	—Lecturer, Central Department of History, Culture & Archaeology, T. U., Nepal.
Mr. Shankar Man Rajvanshi	—Research Scholar, Nepal.
Mr. Jit Bahadur Manandhar	—Aditional Secretary, Ministry of Communication, H. M. G., Nepal,

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on side of the paper only sent to:

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.